# आर्थिक वर्ष २०८१/८२ को

# नीति तथा कार्यक्रम

## सत्यवती गाउँपालिका

## गुल्मी

## लुम्बिनी प्रदेश, नेपाल

# आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

**सभाका सदस्यज्यूहरु,**

यस सत्यवती गाउँपालिकाको आ.व. ०८१/८२ को बजेट अधिवेशनमा संघीय संरचना अनुसार गाउँपालिका स्थापनापछिको १५ औं अधिवेशन तथा स्थानीय तह दोस्रो निर्वाचनपछि गाउँसभाको पाँचौ अधिवेशनमा उपस्थित हुनु भएका गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु । मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, अखण्डता र वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपाल निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्नु भएका समस्त ज्ञात-अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । मुलुकलाई यहाँसम्म ल्याउन योगदान पुऱ्याउनु हुने शहिद परिवार, घाइते योद्धा र अग्रज व्यक्तित्वहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु साथै सत्यवतीबासीको सेवामा तत्पर रहन हामीलाई निर्वाचित गरी यो सूवर्ण अवसर प्रदान गर्नु हुने सम्पूर्ण मतदाताहरुप्रति हार्दिक धन्यवाद दिन चाहान्छु ।

**यस गरिमामय सभाका सदस्यज्यूहरु,**

मुलुकमा संघीयता स्थापना र राज्य पुर्नसंरचनापछि निर्वाचित जनप्रतिनिधिको दोश्रो कार्यकालको दोश्रो वर्ष व्यतित भईसकेको छ।यस अवधिमा सुशासन, दिगो विकासको प्रत्यक्ष प्रतिफल देखिने गरी काम भएको छ । भौतिक र सामाजिक विकास बिच सन्तुलन कायम गर्ने गरी विकास प्रयास केन्द्रित गरिएको छ । यसलाई निरन्तरता र अझ बढी प्रभावकारी बनाउन जरुरी छ । यस महत्वपूर्ण उपलब्धिको लागि यसमा जोडिनु हुने सम्पूर्णलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**सत्यवती गाउँपालिकाले आ.व. २०८१/०८२ को नीति कार्यक्रम तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरुः-**

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,
- नेपालको संविधानको भाग ४ अन्तर्गतका राज्यको आर्थिक विकास, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग , वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को स्थानीय आर्थिक कार्यप्रणाली,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजना तथा आर्थिक तथा वित्तीय ऐनले लिएका नीति तथा प्राथमिकताहरु,
- अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु ।

- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु ।
- विभिन्न राजनीतिक दल, नागरिक समाज, पेशाकर्मी, व्यवसायी, पत्रकार, बुद्धिजिवीहरुबाट आएका विभिन्न सुझावहरु ।

## आ.व. २०८०/०८१ का मुख्य-मुख्य उपलब्धिहरु

१. खैरेनी-जोहाङ्ग-भार्से सडक करिब ७०० मिटर कालोपत्रे तथा मर्मतको कार्य सम्पन्न भएको,
२. वडा नं. ६ र ७ मा करिब ३३० घरधुरीलाई १ घर १ धाराका लागि जोहाङ्ग-जुनियाँ लिफ्ट खा.पा. योजनाको निर्माण कार्य अन्तिम चरणमा रहेको,
३. बुढी सत्यवती मन्दिरमा रेलिङ्ग सहितको पदमार्ग र प्रवेशद्वार निर्माण तथा मसिना देखि बुढी सत्यवतीसम्म सडक स्तरोन्नतिको कार्य सम्पन्नको तयारीमा रहेको,
४. पर्यटनतर्फ तल्लो सत्यवतीमा पदमार्ग, Picnic Spot निर्माण, मसिना दहमा शौचालय र Picnic Spot निर्माण कार्य सम्पन्न भएको,
५. शाहाघाट लिम्घा बुढी सत्यवती क्वाङ्ग पर्यटकीय सडक निर्माण कार्य सम्पन्न भएको,
६. लायन्स अन्तराष्ट्रिय र सत्यवती गाउँपालिकाको लागत साझेदारीमा भार्से जनसहयोग मा.वि.मा ८ कोठे विद्यालय भवन निर्माण कार्य शुरु भएको,
७. ठूलावगर-रामवारी-लुम्पेक देउराली-कुटडाँडा सडक निर्माण कार्य भईरहेको,
८. वडा नं. १, ३ र ४ मा एकीकृत वस्ती निर्माण अन्तर्गत २० वटा घर निर्माण सम्पन्न भएको,
९. कृषि वजारीकरणलाई व्यवस्थित गर्न कृषि एम्बुलेन्स खरिद गर्न सम्झौता भई आपूर्ति गर्ने प्रक्रियामा रहेको।
१०. वडा नं. ७ र ८ मा वडा कार्यालय भवन निर्माण कार्य सम्पन भएको,
११. जुनिया स्वास्थ्य इकाई भवन निर्माण कार्य सम्पन्न भएको,
१२. वडा नं. ८ को लामपाटामा २०० रोपनी क्षेत्रफलमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, गुल्मी, सत्यवती गाउँपालिका र लामपाटा कृषि तथा पशुपालन समूहको त्रिपक्षीय सम्झौतामा सुन्तलाको विरुवा लगाउने कार्य अन्तिम चरणमा पुगेको,
१३. वडा नं. ४ को एकसिंमा १५० रोपनी क्षेत्रफलमा आँप, लिची, एभोकाडो, मेकाडनि नट र ड्रागन फ्रुटको बिरुवा लगाउने काम अन्तिम चरणमा पुगेको,
१४. गाउँपालिकाको विभिन्न वडामा २५ हजार टिमुरका बिरुवा रोपण कार्य अन्तिम चरणमा पुगेको,
१५. सत्यवती गाउँपालिकाको कृषिजन्य उत्पादन विविधिकरणलाई थाप्ले नाममा ब्रान्डिङ्ग गरिएको,
१६. गाउँपालिका अन्तर्गतका सबै वडाका बाटोहरुका अप्ठ्यारा ठाउँहरुमा सडक ढलान कार्य भईरहेको,
१७. बाँसपाटा-चाउकेबारी मोटरबाटोको नयाँ ट्र्याक खोली जोडिएको ।

१८. कृषि उत्पादनलाई सहज बनाउन कृषि औजार अन्तर्गत ५७ वटा हाते ट्र्याक्टर, ३० वटा कुटानी पिसानी मेसिन, २ वटा अमिलो पेल्ने मेसिन, १ वटा धान काट्ने मेसिन, ३८ वटा टनेल र १७ वटा स्प्रेयर अनुदानमा वितरण गरिएको साथै गाउँपालिकामा बिग्रेर रहेका ८९ वटा हाते ट्र्याक्टरको मर्मत कार्य गरिएको ,

१९. खैरेनी-जोहाङ्ग-भार्से सडक अन्तर्गत असहज ठाउँहरुमा R.C.C. र P.C.C. ढलान गरी सहज र व्यवस्थित गराईएको,

२०. खैरेनी -नेटा -जोहाङ्ग सडक अन्तर्गत असहज ठाउँहरुमा P.C.C. ढलान गरी सहज र व्यवस्थित गराईएको,

२१. रुद्रवेणी-अक्ष्लेवा सडक अन्तर्गत असहज ठाउँहरुमा P.C.C. ढलान गरी सहज र व्यवस्थित गराईएको।

२२. यातायात गुरु योजना तर्जुमाको अन्तिम चरणमा रहेको,

२३. खानेपानी तथा सरसफाई अन्तर्गत एक घर एक धारा कार्यान्वयन गर्न Wash Plan तयार भएको,

२४. भु-उपयोग नीति तयार गरिएको,

२५. भार्से देखि स्तुपा सम्मको सडकको स्तरोन्नतिको कार्य सम्पन्न गरीएको छ ।

**<u>आ.व. २०८१/०८२ मा अपनाइएका समष्टिगत नीतिहरुः</u>**

- कृषि, शिक्षा, पूर्वाधार विकास,स्वास्थ्य, पर्यटन उद्योग र रोजगारमैत्री कार्यक्रम मार्फत जनताको जीवनस्तरमा सुधार गर्ने परिकल्पनाको रुपमा वार्षिक नीति तथा कार्यक्रमको प्रस्ताव गरिएको छ।
- विकासका दृष्टिले पछि परेको वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्बन गरिनेछ। त्यसका लागि जनसंख्या, क्षेत्रफल, विकासको अवस्था, आन्तरिक आय, पूर्वाधारमा लागत एवम् आवश्यकताको प्राथमिकीकरण आदिका आधारमा स्रोतको बाँडफाँटको व्यवस्था गरिनेछ।
- भौगोलिक विकटता, वस्ती जोखिम र परनिर्भरताको बजार हाम्रो गाउँपालिकाको चुनौती हो। यसलाई मध्यनजर गर्दै एकीकृत बस्ती निर्माण गर्ने तथा "एक गाउँ एक उत्पादन" कार्यक्रम मार्फत ठूला कृषि र पशु परियोजनाहरुको सञ्चालनको लागि आवश्यक पहल गरिनेछ।
- सामुदायिक विद्युतलाई समुदायसँग परामर्श गरी नेपाल विद्युत प्राधिकरण मातहत ल्याउन पहल गरिनेछ।
- सत्यवती गाउँपालिकामा **"हरियाली सहितको सडक"** बनाउन प्रत्येक सडकमा उपभोक्ता समितिलाई परिचालन गरिनेछ ।
- उज्यालो गाउँपालिका यसै आ.व. मा घोषणा गरिनेछ ।
- बडिगाड नदी र कालीगण्डकी नदीको किनारका वस्ती र खेतीयोग्य जमिनलाई तटबन्ध गरी संरक्षण गरिनेछ।
- दुग्ध व्यवसायलाई थप प्रभावकारी बनाई पनिर तथा दुग्धजन्य उद्योग स्थापनामा जोड दिइनेछ।

- औधोगिक ग्राम स्थापना गर्न पहल गरिनेछ ।
- कसिन्थला, सिङ्दी, लुम्पेक,रिपडाँडा, डहरे, सुनको पहिरो, एकसिं, चेहेमी, मचाकोट ,देउराली पहिरो नियन्त्रण गर्न पहल गरिनेछ ।
- मध्य सत्यवती सडकलाई गाडी सहजरुपमा चल्ने गरी स्तरोन्नति गरिनेछ ।
- खरका छाना विस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी १५ सैयाको अस्पताल निर्माण कार्यलाई समयमै सम्पन्न गर्न पहल गर्ने तथा स्वास्थ्य उपचार कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
- गाउँ प्रहरीलाई निरन्तरता दिइ वेथिति, विकृति र विसंगति न्यूनीकरण गरिनेछ ।
- मठ, मन्दिर, देवालय आदिको संरक्षण प्रवर्द्धन र व्यवस्थित गरिनेछ ।
- घर-घरमा कुनै न कुनै आयस्रोत तथा रोजगारी सृजना गर्न अधिकतम प्रयत्न गरिनेछ ।
- गाउँपालिका स्तरीय सहकारी सञ्जाल स्थापना गरी कृषि उत्पादनलाई बजारीकरण गरिनेछ ।
- वडाबाट गाउँपालिका जोड्ने सडक स्तरोन्नति गरी बाह्रै महिना यातायातको सहज पहुँच बनाइनेछ ।
- निश्चित मापदण्ड बनाई वास्तविक व्यावसायिक कृषकको पहिचान गरी कृषक परिचयपत्र वितरण गरिनेछ ।
- रुद्रवेणी-वामी सडक खण्ड स्तरोन्नति र डहरे, नादेवा, भार्से, जुम्दी खोलामा पुल निर्माणको कार्य आ.व. २०८१/०८२ देखि सुरु गर्न समन्वय गरिनेछ।
- नक्सा पास गरेर मात्र घर संरचना निर्माण गर्न सरोकारवालासँग छलफल चलाइनेछ ।
- १ घर १ धारा कार्यक्रम सफल पार्न संघीय र प्रदेश सरकारसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपन्न, बोटे माझी र सुकुम्बासीका घर निर्माण गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ ।
- पम्फुकाको वस्तीमा  मौरीपालन,कृषि पशुपालन पकेट बनाउनुको साथै मोटरबाटो पुऱ्याउन पहल गरिनेछ ।
- टोल-टोलमा खोलिएका सामुदायिक स्वास्थ्य इकाईलाई व्यवस्थित गरी सञ्चालन गरिनेछ ।
- टोल-टोलका गोरेटो बाटो व्यवस्थित गरी सहज बनाइनेछ ।
- सुकुम्बासी ,जनजाति, दलित, अपाङ्ग र पिछडिएका जातिहरुका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाहरुको सशक्तिकरणमा जोड दिइनेछ ।
- पति वेपत्ता महिला सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- 'ग' वर्गका अपाङ्ग सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

- सबै वडा कार्यालयमा आफ्नै भवनबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाईने छ ।
- स्वास्थ्य राहत कोषलाई निरन्तरता दिई नागरिकहरुलाई स्वास्थ्य सुरक्षाको अनुभूति दिलाइनेछ ।
- स्वास्थ्य विमासँग सबैलाई जोड्ने र अति विपन्नहरुलाई विमा गरिने व्यवस्थाको थालनी गरिनेछ ।
- वडा नं ८ को स्वाँखोला, वडा नं. ३ ठूलो लुम्पेक र वडा नं ४ को एकसिं गाउँलाई ऐतिहासिक सांस्कृतिक गाउँको रुपमा विकास गर्न पहल गर्ने नीति लिइने छ ।
- सत्यवती, रुद्रवेणी धाम, ठूलाबगर, पाहादी आश्रम, हिले, नेटा गुफा, भार्से झुलेथुम कालिका मन्दिर, भार्से गुफा, जुनियाँ भंयरकोट मन्दिर, आलम देवी मन्दिर, छुम्दी ठाँटी मन्दिर,देविस्थान घाट मन्दिर ,हचिङ्कोट, होक्रायो सेती नाग, गुलम्दी शिला र थाम सत्यवती मन्दिरको परम्परागत आश्रम लगायत धार्मिक पर्यटकीय स्थलको प्रचार-प्रसार संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिकाभित्रका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र विविध विषयको जानकारी हुने गरी स्थानीय पाठ्यक्रममा आधारित १-५ सम्मका पाठ्यपुस्तक विद्यार्थीलाई निशुल्क वितरण गरी पठन पाठनको व्यवस्था मिलाईएको साथै ६-८ को पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणको कार्य अघि बढाईने छ ।
- भार्से — रुपाकोट, खैरेनी-पम्फुका सडकको ट्र्याक जोड्न पहल गरिनेछ ।
- भार्से लाम्पाटा भैंसेमा सुन्तला खेती र भडारवनको किवी, जोहाङ्ग, लिम्घा, लुम्पेक, अक्ष्लेवा र चिदीपानीको टमाटर लगायतका खेतीलाई प्रोत्साहन गरिनेछ।
- गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माण कार्यको लागि जग्गा व्यवस्थापन गरी भवन निर्माणको कार्य अगाडि बढाईनेछ ।
- "समृद्ध सत्यवती मेरो १ दिनको लगानी" भन्ने अभियानबाट कोष स्थापना गरी सत्यवती गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नमा खर्च गरिने छ । उक्त कोषको रकम खर्च गर्न शैक्षिक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी व्यवस्थितढङ्गले खर्च गर्ने नीति अवलम्बन गरिनेछ ▯।
- सत्यवती चन्द्रकोट लोकमार्ग स्तरोन्नति गर्न पहल गरिनेछ ।
- अन्तर वडा जोड्ने मोटरबाटोलाई स्तरोन्नति गरिनेछ ।
- महिला ,युवा ,दलित ,उत्पिडित ,अल्पसख्यकहरुलाई सक्षम बनाउन नेतृत्व तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् र मनसुनबाट प्रभावित व्यक्तिहरुको आवास निर्माणलाई निरन्तरता दिइनेछ ।
- गरिवीको मापदण्ड तयार गरी गरिव परिचयपत्र वितरण गरिनेछ ।
- गरिब लक्षित कार्यक्रमहरु एकीकृतरुपमा सञ्चालन गरिनेछ ।
- सुकुम्बासीहरुको एकीकृत आवास निर्माणलाई निरन्तरता दिईनेछ ।
- लघु उद्यम विकास कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु सञ्चालन तथा क्षेत्र विस्तार गरिनेछ ।

- स्थानीय उद्यमशिलता विकास गर्नको लागि बैंक तथा वित्तीय संस्थासँग सहकार्य गरिनेछ ।
- गाउँपालिकाको आवश्यक स्थानहरुमा सि.सि. क्यामरा जडानको कार्यलाई बिस्तार गरिनेछ ।
- भवन संहिता मापदण्ड निर्माण गरी नक्सा पास गरेर घर निर्माण गर्ने पद्धतिको विकास गरिनेछ ।
- रुद्रबेनीमा प्राथमिक उपचार केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
- एक वस्तीबाट अर्को वस्ती जोड्ने झोलुङ्गे पुल निर्माणलाई जोड दिइनेछ ।
- सुकुम्बासी मनसुन जन्य प्राकृतिक विपदमा परेकालाई आवास निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- सत्यवती गाउँपालिकाको अभियान कुकाठ विस्तापित गरौं बहुमूल्य जडीबुटी रोपण गरौं भन्ने अभियानलाई सार्थक तुल्याउन हावापानी तथा तापक्रम अनुसार प्रत्येक घर परिवारलाई अगरवुड, श्रीखण्ड, टिमुर, हलुवाबेद, दातें ओखर, टिमुर जस्ता विरुवा अनिवार्य रोपण गर्न उत्प्रेरित गरिनेछ साथै यस अभियानलाई सफल तुल्याउन आमा समूह, क्लब, विधार्थीहरुलाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- सडक, यातायात, विद्युत, खानेपानी, सिंचाईलाई नागरिकको पहुँचमा पुऱ्याईनेछ ।
- सत्यवती गा.पा. वडा नं. ५ र ६ को खैरेनी बजारमा सडकबत्ती जडान गरिनेछ ।
- सत्यवती गा.पा. वडा नं. ६ र ७ परमानन्द नगर बजार सौन्दर्य बनाउने कार्यको लागि साझेदारीको नीति अबलम्बन गरी कार्य अगाडि बढाईनेछ ।
- सत्यवती गा.पा. वडा नं. १ को रुद्रवेणी र वडा नं. ६ को परमानन्द नगर चोक तथा स्थानमा संकेत मार्ग बोर्ड राखिनेछ ।

**आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरू**

**भौतिक पूर्वाधार विकास**

१. गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य प्रारम्भ गरिने,
२. १५ शैया अस्पताल निर्माण कार्य सम्पन्न गरिने,
३. गुलम्दी-चेहेमी मोटरबाटो जिरोदेखि ढलान गर्दै लगिने,
४. चोरकाटे-चिदीपानी मोटरबाटो जिरोदेखि ढलान गर्दै लगिने,
५. शाहाघाट-लिम्घा सत्यवती मोटरबाटो निर्माण तथा स्तरोन्नतिका लागि थप आवश्यक वजेटको लागि संघ, प्रदेशमा पहल गरिने,
६. बहुवर्षीय कार्यक्रम अन्तर्गत खैरेनी-जोहाङ्ग-भार्से सडक कालोपत्रे र ढलानको कामलाई निरन्तरता दिईने,
७. बहुवर्षीय कार्यक्रम अन्तर्गत रुद्रवेणी-अक्लेवा-ठूलोलुम्पेक सडक कालोपत्रे र ढलानको कामलाई निरन्तरता दिईने,
८. खैरेनी कभर्डहल निर्माण कार्य सम्पन्न गरिने,

९. सत्यवती गाउँपालिका भरी एक लाख फलफूल विरुवा रोपण गरिने,
१०. सत्यवती गाउँपालिका भरी १५ हजार अलैंचीको बिरुवा लगाईने,
११. जुम्दी खोला पक्की पुल निर्माण साथै सत्यवती मा.वि. तिरको एप्रोच रोड ३०० मिटर कालोपत्रे गरिनेछ,
१२. खैरेनी-पम्फुका सडक ट्र्याक खोल्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**आर्थिक विकास**

१. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम,
२. टिमुर सिन्काउली अलैचीको विरुवा उत्पादन तथा वितरण कार्यक्रम,
३. सत्यवती पर्यटन पूर्वाधार विकास कार्यक्रम,

**सामाजिक विकास**

१. विद्यालय शिक्षालाई गुणस्तरीय, प्राविधिक र व्यवसायिक बनाईने,
२. कभर्डहल निर्माण कार्य सम्पन्न गरिने,
३. जुनिया स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न गरिने आदि ।

**वन, वातावरण तथा जलवायु परिवर्तन**

**जलवायु परिवर्तनका आधार परिवर्तन गरौ हाम्रो व्यवहार भन्ने नारा अवलम्बन गर्दै**

१.सत्यवती गाउँपालिकाको माथिल्लो भूगोलमा रिचार्ज पोखरीहरु निर्माण र वरिपरि वृक्षारोपण गरिने,
२.भान्सा, भोज, भतेरमा प्लास्टिकजन्य भाडाहरु निषेध गरिने,
३.किसानहरुलाई गड्यौला मल तथा कम्पोष्ठ मल बनाउने कार्यमा लगाईने ।

**सुशासन तथा संस्थागत विकास**

१. सस्थागत स्व-मूल्यांकन,
२. शून्य सहनशिलता,
३. घुम्ती सेवा,
४. सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण,
५. पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि,
६. ऐन, नियम, कार्यविधि र मापदण्डहरू,

**१) <u>आर्थिक विकास क्षेत्रको नीति तथा कार्यक्रम</u>**

**क. कृषि, सिंचाई तथा पशुपन्छी विकास सम्बन्धी :**

नेपालको संविधान २०७२, राष्ट्रिय कृषि नीति २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३, नेपालको दीर्घकालीन सोच २१००, सोह्रौ योजना, कृषि विकास रणनीति र अन्य योजनाहरुले लिएको सोच, लक्ष्य र उदेश्यहरु हासिल गर्नमा योगदान पुऱ्याउन साथै सत्यवती गाउँपालिकाको कृषि तथा पशुपन्छी क्षेत्रको आधुनिकीकरण, व्यावसायिकीकरण र औद्योगिकिकरण गरी रोजगारीको सृजना गर्न आयात प्रतिस्थापन, निर्यात

प्रवर्द्धन, जैविक विविधता संरक्षण र स्थानीय उत्पादनहरुको प्रर्वद्धन गर्न सत्यवती गाउँपालिका कृषि तथा पशुपन्छी विकासतर्फ निम्न बमोजिमको नीति तथा कार्यक्रमहरु अवलम्वन गरिने छ।

१. **समृद्ध सत्यवतीको आधार, कृषि बजारीकरण र पूर्वाधार** भन्ने  मूल नाराकासाथ यस वर्षलाई कृषि तथा पशुपन्छी बजारीकरण वर्षका रुपमा मनाइनेछ ▯।
२. प्रत्येक वडा वडामा व्यवस्थित कृषि उपज संकलन केन्द्र, संकलनकर्ताको व्यवस्था गरिनेछ ▯ ।
३. **स्वस्थ माटो, स्वस्थ जीवन** भन्ने नाराकासाथ माटो परीक्षणलाई थप प्रभाकारीढङ्गले अगाडि बढाइनेछ ।▯
४. प्राकृतिक प्रकोपबाट कृषि बाली र पशु चौपायामा हुने क्षतीको जोखिम न्यूनीकरण गरी युवाहरुको कृषि तथा पशुपालनमा आकर्षण बढाउन कृषि, पशुपन्छी र जडीबुटी बीमा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ▯।
५. ब्यापक रुपमा रहेको बादरको समस्यालाई न्यूनीकरण गर्न टिमुर, कागती, मेकडमिया नट, काँचो पात लगायतका बालीहरुको प्रवर्द्धन गरी कृषकको आयआर्जन बढाउने गरी कार्यक्रम ल्याइनेछ ▯।
६. पहिरो, भूक्षय लगायतको समस्या भएको ठाउँमा यो न्यूनीकरण गर्न भेटिभर घाँस लगाइनेछ ▯।
७. बहुमुल्य जडीबुटी सतुवा, बिखमरी, अगरवुड, रक्तचन्दन, श्रीखण्ड, चिराइतो जस्ता अन्य बालीहरुको विस्तार तथा प्रवर्द्धन गरिनेछ ▯ ।
८. जलवायु परिवर्तनका कारण खेती प्रणाली तथा पशुपन्छीको उत्पादनमा गर्ने सम्भावित जोखिम न्यूनीकरण लागि उपयुक्त प्रविधि अबलम्बन गर्ने कार्यक्रम ल्याइनेछ ▯।
९. स्वच्छ र स्वस्थ कृषिजन्य उपज उपभोगका लागि रासायनिक विषादीको प्रयोगबारे सचेतना फैलाउने कार्यक्रम गरी रासायनिक मल, विषादीको प्रयोगमा न्यूनीकरण गर्न प्राङ्गारिक (गडयौले, कम्पोष्ट मल) कृषिमा जोड दिइनेछ ▯।
१०. नेपाल कृषि अनुसन्धान परिषद्सँगको समन्वयमा कृषि तथा पशुपन्छीजन्य  विभिन्न बालीको नयाँ जातहरु तथा प्रविधिहरु विस्तार गरिनेछ ▯ ।
११. स्थानीय एवंम् रैथाने बालीको संरक्षण एवंम् प्रवर्द्धन गरिनेछ ▯।
१२. कृषिजन्य उत्पादित बस्तुको बजार मूल्य कम भएमा न्यूनतम समर्थन मूल्यको व्यवस्था मिलाइनेछ ।
१३. कृषकहरु धेरै समूहरुमा आबद्ध हुने कार्यलाई न्यूनीकरण गर्न एकीकृत कृषि तथा पशुपालन समूहलाई प्रवर्द्धन गरिनेछ ▯ ।
१४. स्वरोजगारीका अवसर सृजना गर्न गरिब घरपरिवार, युवाहरु लक्षित सिपमूलक तालिम प्रदान गरिनेछ।
१५. वैदेशिक मुलुकबाट फर्किएर गाउँमै कृषि तथा पशुपालन सम्बन्धी व्यवसाय गर्न चाहने युवाहरुलाई व्यवसायमा सँलग्न गराउने गरी युवा लक्षित स्वरोजगारका कार्यक्रम ल्याइनेछ।
१६. कृषि र पशुपालन सम्बन्धी समूहहरुलाई उत्पादन, आय आर्जन र बचत र सहकारीसँग जोडी समूहको अवधारणा अनुरुप काम गर्न समूह परिचालन र सहयोग कार्यक्रम ल्याइने छ ▯।

१७. उत्पादित बस्तुको संकलन , भण्डारण, र बजारीकरणका लागि समूह सहकारीलाई सक्रिय बनाइने छ ।

१८. गाई, भैंसी, बाख्रा, कुखुरामा देखिने महामारी रोग विरुद्ध खोप तथा औषधी उपचारको कार्यक्रम सञ्चालन गरिने छ ।

१९. दुध उत्पादन वृद्धि गरी निर्यातलाई प्रोत्साहन गर्ने कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

२०. पशुजन्य उत्पादनको उत्पादन लागत कम गर्न घाँसमा आधारित पशुपालनमा जोड दिइनेछ।

२१. पशुपालनमा देखिएका समस्याको न्यूनीकरण गर्न पोषण स्वास्थ्य व्यवस्थापन र नश्ल सुधारमा सहयोग गरिनेछ।

२२. स्थानीय बिउ बिजन तथा स्थानीय पशुपन्छी संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२३. कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरी प्रमुख वालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ।

२४. कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि यान्त्रिकीकरण आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणमा निरन्तरता दिइनेछ ।

२५. फलफूल र जडीबुटीका बिरुवाको स्थानीय स्तरमा नै श्रोत तयार गर्न नर्सरी स्थापना गरिनेछ ।

२६. सत्यवती गाउँपालिकाभित्र बाँझो जग्गाहरुको एकीकृत तथ्याङ्क संकलन गरी सो को उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारणालाई कार्यान्वयन गरिनेछ।

२७. विभिन्न वडामा रहेका बाली बस्तु विशेष पकेट क्षेत्रहरुको थप व्यवस्थित बनाइनेछ ।

२८. खुर्पानी ,कोदो ,चौतारी, कालीकाफल, आँप, कटहर, किवी आदिबाट उत्पादित मदिरालाई सत्यवतीको ब्रान्ड बनाई बजारसम्म पुऱ्याउन पहल गरिनेछ ।

२९. सत्यवतीमा लगाइएको चिया खेतीलाई थप विस्तार तथा व्यवस्थित गरिनेछ ।

३०. भार्से, पम्फुका, लिम्घा, जुनियाँ, लुम्पेकमा टिमुरको खेतीको पकेट क्षेत्र विकास गरी आय आर्जनको श्रोतको रुपमा विकास गरिनेछ ।

३१. निजी क्षेत्र गाउँपालिका, सहकारी र अन्य संघ संस्थाहरुसँग कृषि, पशुपालनमा लागत साझेदारीको नीति आरम्भ गरिनेछ ।

३२. खैरेनीमा रहेको कृषि हाटबजारलाई सहकारीसँगको साझेदारीमा सञ्चालन गरिनेछ ।

३३. कृषि फर्म, समूह, सहकारी मार्फत उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई प्रविधिमैत्री बनाइने छ।

३४. कृत्रिम तथा प्राकृतिक रुपमा नश्ल सुधारका कार्यक्रम सञ्चालन गरी स्थानीय पशुपन्छीको उत्पादन क्षमता बृद्दि गरिनेछ ।

३५. अनुत्पादक गाई र बाच्छालाई व्यवस्थापनमा जोड दिइनेछ ।

३६. एक गाउँ एक प्राविधिकलाई निरन्तरता दिइनेछ ।

३७. व्यावसायिक कृषि तथा पशुपन्छी पालन गर्ने किसानलाई व्यावसायिक परियोजना बनाई व्यवसाय प्रवर्द्धन गर्न उत्प्रेरित गरिनेछ □।

३८. कृषकले उत्पादन गरेको कृषिजन्य वस्तुको बजारीकरण सहज बनाउन कृषि एम्बुलेन्सको स्थानीय सरकार र सहकारीको साझेदारीमा सञ्चालन गरिनेछ □।

३९. सत्यवती गाउँपालिकामा उत्पादित कृषिजन्य वस्तुको बजारीकरण गर्न बुटवल कृषि थोक बजारमा गाउँपालिका र सहकारीले सञ्चालन गरेको सटरलाई निरन्तरता दिइनेछ । खुद्रा बिक्री वितरण गर्न आउटलेट सञ्चालन गरिनेछ □।

४०. तुलनात्मक लाभका बालीहरु जस्तै कफी, मह, अलैची, बेमौसमी तरकारी, सिस्नो, अदुवा, बेसार तथा फलफूल बालीहरुको उत्पादन तथा उत्पादकत्व वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ □।

४१. उत्पादन वृद्धिका लागि कृषि अनुसन्धानबाट प्राप्त उपलब्धिलाई कृषक समक्ष पुऱ्याउन नवीन प्रविधिको उपयोगमा कृषकको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

४२. बाच्छी प्रवर्द्धन गर्न बाच्छी हुर्काउने कार्यलाई प्रोत्साहन गरिनेछ □।

४३. आन्तरिक तथा बाह्य बजार लक्षित निर्यातजन्य बालीको उत्पादन, प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ र बजारीकरण गर्ने कार्य अगाडि बढाईने छ □।

४४. कृषिजन्य वस्तुमा आधारित उद्योग स्थापनाको लागि सार्वजनिक निजी साझेदारीमा लगानी जुटाई अगाडि बढ्ने नीति अवलम्बन गरिनेछ ।

४५. कृषकको मागमा आधारित कृषि, पशुपन्छी सम्बन्धी कार्यक्रम अगाडि बढाईने छ □।

४६. प्राविधिकधारतर्फ डिप्लोमा तह कृषि तथा पशुपालन विषय अध्ययन गर्न प्रत्येक वडाबाट १ जना विधार्थीलाई छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ □।

४७. खेतीयोग्य जमिनलाई एकीकृत कृषि बाली उत्पादन गर्न आवश्यकता अनुसार जग्गा तथा बाली चक्लाबन्दी कार्यक्रमलाई निरन्तरता दिइनेछ □।

४८. आवश्यकता अनुसार सिचाई श्रोत नभएका स्थानमा प्लास्टिक पोखरी निर्माण गरी सिचाईको प्रबन्ध मिलाइनेछ □।

४९. विद्यार्थीहरुलाई कृषिको प्रयोगात्मक कार्यमा जोडी विद्यालयहरुमा कृषि कार्यक्रम लागु गरिनेछ □।

५०. व्यावसायिक किसानलाई सहज कृषि कर्जामा जोडिनेछ □।

५१. कृषि तथा पशुपन्क्षी विकास सेवालाई सहज र प्रविधिमैत्री बनाउन सफ्टवेयर सञ्चालनमा ल्याइने छ □

५२. कृषि उत्पादनलाई उद्योगीकरण गर्नको लागि प्रत्येक वडामा एउटा कृषिजन्य उद्योगलाई अगाडि बढाइनेछ □।

५३. सत्यवती गाउँपालिकालाई मासुमा आत्मनिर्भर र निर्यात गर्नका लागि एउटा बाख्रा श्रोतकेन्द्र स्थापना गरिनेछ ।

५४. सत्यवती गाउँपालिकामा प्रचुर रुपमा सम्भावना रहेको कालो सुनकारुपमा परिचित अलैची रोपणलाई प्राथमिकता दिई श्रोत केन्द्रको रुपमा स्थापना गरिनेछ ।

**ख. पर्यटन प्रवर्द्धन**

**"पर्यटन प्रवर्द्धन गरौ, एकपटक सत्यवती र भार्से पुगौ"**

१.  पर्यटन विकासका लागि गाउँपालिका क्षेत्रभित्र धार्मिक, ऐतिहासिक, तथा पुरातात्विक सम्पदाहरुको पहिचान, विकास तथा व्यवस्थापनमा जोड दिने नीति अवलम्बन गरिनेछ।

२. थाप्ले, सत्यवती, भार्से, अर्कुल दरबार, हिले, हचिङ्गकोट, थुम्का, लुम्पेकी थानी, थुम्का वौद्ध गुम्बा, ठूलाबगर, कुँडुले भगवती मन्दिर, परमानन्द स्मृति धाम, पुत्ताउने छहरा, हुक्रायो सेती नाग, रुद्रवेणी, भार्से फुर्से थान, थाम सत्यवती, जुनियाँ भयरकोट, नर्मदेश्वर, नेटा गुफा, आलमथान, गाग्रीढुङ्गा, गुलम्दी सेती नाग, बौद्ध गुम्बा, हिलेबाबा आश्रम, थानी बाजेबजै मन्दिर, बकेट झरना ,मसिना दह, शिद्ध गुफा, चिदीपानीमा रहेको चमेरे गुफा जस्ता पर्यटकीय सम्भावना बोकेका स्थानहरुको प्रचारप्रसार र विकासमा जोड दिइनेछ ।

३. यस गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय सम्भावना बोकेका ग्रामिण इलाकामा "होम स्टे "सञ्चालनमा निरन्तरता दिइ थप सम्भावित गाउँहरुमा विस्तार गर्न पहल गरिनेछ ।

४. वडा नं ७ मा रहेका जुनिया मा.वि. वोटानिकल गार्डेन र चिदीपानी झाईदेउ पार्कलाई थप व्यवस्थित गरिनेछ ।

५. धार्मिक तथा अन्य पर्यटकको आगमनलाई वृद्धि गर्न अन्य जिल्लाका पर्यटकीय र धार्मिक क्षेत्रसित पदमार्गको सर्किट निर्माण गरिनेछ ।

६. साझेदारीमा एउटा पार्क निर्माणको सुरुवात गरिनेछ ।

७. संघ, प्रदेश, सरोकारवाला निकायसँग सहकार्य गरी धार्मिक पर्यटकलाई आकर्षण गर्न र अन्य पर्यटक भित्र्याउन कालीगण्डकीको साँगुरेमा डयाम बनाई साँगुरेदेखि ठुलाबगर सम्म ताल निर्माण गरी एक लाख शालिग्रामको शिवलिङ्ग तयार गरी पवित्र कालिगण्डकीको जलाधारमा स्नान गर्ने व्यवस्था मिलाई मुक्तिनाथ सम्मको धार्मिक पर्यटकीय रुटसँग जोड्ने नीति अवलम्बन गरिनेछ ।

८. पर्या-पर्यटन प्रवर्द्धनका लागि पर्यटनसँग वन कार्यक्रम सञ्चालन गरिनेछ ।

९. आन्तरिक पर्यटकलाई आकर्षित गरी पर्यटन पवर्द्धन गर्न पर्यटनमैत्री वातावरण सिर्जना गरिनेछ ।

१०. सत्यवती क्षेत्रमा काठ, ढुङ्गाबाट मुर्तिकला तथा काष्ठकला कार्यशाला गोष्ठीको आयोजना गरिनेछ ।

**ग. सहकारी तथा गरिवी निवारण एवम् वित्तीय क्षेत्र**

१. सत्यवती गाउँपालिका क्षेत्रमा क्रियासिल वित्तीय तथा सहकारी सम्बन्धी संघ, संस्थाहरुलाई उत्पादनशील कार्यमा लाग्न प्रेरित गरिनेछ ।

२. सहकारी संस्थामा देखिएका समस्या न्यूनीकरण गरी सर्वसाधारणको बचत सुरक्षित गर्न विभिन्न निकाय सँगको समन्वयमा नियमन गरिनेछ। वित्तीय कारोबारलाई सुरक्षित र भरपर्दो बनाउन नियमित अनुगमन गरिनेछ ।

३. सहकारी संस्थाको दर्ता नियमन र प्रवर्द्धन गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

४. सहकारी संस्थालाई COPOMIS प्रणालीमा आवद्ध गर्न अनिवार्य गरिनेछ ।

५. सहकारी संस्थाहरुको लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

६. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

७. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनीकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

८. कृषि लगायत विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ।

९. आवश्कता अनुसार सहकारीको समायोजन तथा निष्क्रिय सहकारीहरु लाई बिघटन गर्दै लगिनेछ।

घ. **<u>श्रम तथा रोजगार प्रवर्द्धन</u>**

१. कार्यस्थलमा आधारित सिप/क्षमता विकास तालिम र जीवन उपयोगी सिप तालिमहरु प्रदान गरिनेछ ।

२. गाउँपालिकास्तरीय रोजगार संवाद मञ्चको गठन गरिनेछ ।

३. श्रमिकहरुलाई निर्माण तथा हाते औजार र सुरक्षा सामाग्रीको प्रबन्ध मिलाइनेछ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रत्येक वडामा कम्तिमा ३ वटा नमुना योजनाको छनोट गरिनेछ।

५. रोजगार र रोजगारलाई उत्पादनसँग जोडिनेछ ।

६. संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने विकास निर्माण आयोजनाहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत व्यक्तिहरुलाई काममा लगाउन पहल गरिनेछ ।

७. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई उनीहरुको सिप तथा क्षमताको सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि प्रोत्साहनमुखी कार्यक्रममा आवद्ध गरिनेछ ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत वडा तथा पालिकाकाका आयोजनाहरुमा लागत साझेदारी गरिनेछ ।

९. रोजगार रणनीति तर्जुमा गरी आन्तरिक रोजगार प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. वेरोजगार व्यक्तिलाई रोजगार सम्बन्धी तालिम दिने व्यवस्था मिलाई रोजगारका अवसरका निम्ति अभिप्रेरित गरिनेछ ।

११. आन्तरिक रोजगार र वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण, सूचना प्रवाह र प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गरिनेछ ।

१२. सेना, शसस्त्र प्रहरी र जनपथ प्रहरीमा भर्ना हुन चाहने युवाहरुलाई प्रारम्भिक जानकारी सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्विकृति र पुनः श्रम स्विकृतिमा सहजीकरण गरिनेछ ।

१४. मन्त्रालय र मातहतका निकाय, अन्य मन्त्रालय, प्रदेश सरकारका मन्त्रालय वा अन्य संस्थाबाट सञ्चालन हुने श्रम, रोजगार, वैदेशिक रोजगार, सुरक्षित आप्रवासन, पुनर्स्थापना र पुनः एकीकरण सम्बन्धी कार्यक्रमको सञ्चालनमा समन्वय, सहकार्य र सहजीकरण गरिनेछ ।

१५."श्रमको सम्मान राष्ट्रको अभियान" सम्बन्धी कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी बनाउन रोजगारमा खटिनुपूर्व अभिमुखीकरण तथा दिगो विकाससँग जोड्न म्याचिंग फन्डको रकमलाई वृद्धि गरी परिमाणमुखी बनाइनेछ ।

**ङ. लघु उधम सम्बन्धी नीति**

१. उद्यम विकासका लागि सामाजिक परिचालन अन्तर्गत स्रोत सम्भाव्यता अध्ययन, अभिमुखिकरण, सहभागितात्मक ग्रामिण लेखाजोखा ,समूह गठन जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।

२. उद्यमीलाई व्यवसाय सम्बन्धी जानकारी दिनको लागि उधमशीलता तालिम दिइने छ ।

३. सहभागीहरुको चाहाना बमोजिम स्थानीय स्रोत साधनमा आधारित प्राविधिक सिपमूलक तालिम प्रदान गरिने छ ।

४. व्यवसायको प्रकृति अनुसार आबश्यक प्रविधि वा मेसिनहरु समूहमा उपलब्ध गराइने छ ।

५. व्यवसाय गरिरहेका उद्यमीहरुलाई स्तरोन्नति तालिम प्रदान गरिने छ ।

६. सबै वडाहरुमा सिपमूलक तालिम लिएका तर व्यवसायसँग नजोडिएका उधमीहरुको पहिचान गरी तथ्याङ्क संकल गरेर पुनर्ताजगी तालिम दिईनेछ ।

७. सत्यवती गाउँपालिकाको लगानीबाट उद्यमी बनेर जीवन बदलेका महिलाहरुको जीवनकथा लेखन, फेलोशिप कार्यक्रम सञ्चालन गरिनेछ ।

८. एकल महिला स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

९. स्थानीयस्तरमा सञ्चालनमा रहेका लघु उधमको तथ्यांक संकलन गरी उक्त उधमलाई थप प्रवर्द्धन र नियमन गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

१०.सिप भएका तर लगानीका अभाबका कारण समस्यामा परेका सिपयुक्त जनशक्तिलाई स्वरोजगार बनाउने गरी कार्यक्रम सञ्चालन गरिने छ ।

११.लघु उधम सञ्चालनमा उत्प्रेरणा प्रदान गर्ने उद्देश्यले उधमीलाई उत्प्रेरणा प्रदान गर्ने गरी उत्प्रेरनात्मक कार्यक्रम सञ्चालन गरिने छ ।

१२. विगतका आ.व.मा उधमशीलता कार्यक्रममा भाग लिएका, तालिम लिएका उधमीको अवस्था पहिचान गरी १ वडा १ नमुना उधमी प्रोत्साहन र सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

१३. बेरोजगारलाई सिपसँग सिपलाई उद्यमसँग र उधमलाई आयआर्जनसँग जोडी स्वरोजगार सृजना गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

१४. कृषि, पशुजन्य लघु उधम प्रवर्दन गरी थाप्ले ब्रान्डबाट बजारीकरण गर्न सहयोग गरिने छ ।

१५. भेडाको उनबाट राडीपाखी बनाउने उधमी छनोट गरी तालिमको व्यवस्था गरिने छ ।

१६. स्थानीय स्तरमा उपलब्ध कच्चापदार्थमा आधारित सिपमूलक तालिममार्फत आयआर्जनमा बृद्धि गरी आत्मनिर्भर बनाउने नीति लिईने छ ।

१७. उधम विकासका लागि सामाजिक परिचालन अन्तर्गत स्रोत सम्भाव्यता अध्ययन, अभिमुखीकरण, सहभागितात्मक ग्रामिण लेखाजोखा समूह गठन जस्ता कार्यक्रम गरिने छ ।

१८. उधमीलाई व्यवसाय सम्बन्धी जानकारी दिनको लागि उधमशिलता तालिम दिईने छ ।

१९. व्यवसायको प्रकृति अनुसार आवश्यक प्रविधि वा मेशिनहरु समूहमा उपलब्ध गराउनुका साथै वित्त तथा वित्तीय व्यवस्थापन सम्बन्धी जानकारीको लागि बैंकसंग समन्वय गराइने छ ।

२०. व्यवसाय गरिरहेका उधमीहरुलाई पहिचान गरी एडभान्स सिप विकास तालिम प्रदान गरिने छ ।

२१. गरिबी निवारणको लागि तथ्यगतरुपमा पहिचान गरी उनीहरुलाई रोजगारीमा समावेश गरी गरिबी न्यूनीकरणतिर लगिनेछ ।

२२. अति गरिब जनतालाई सामुदायिक वन क्षेत्रमा जमिन उपलब्ध गराई उत्पादनका विभिन्न खाले परियोजनामा तयारी गरिनेछ।

**२) <u>सामाजिक विकास समिति सम्बन्धी नीति</u>**

**क. शिक्षा, भाषा, कला तथा साहित्य सम्बन्धी नीति**

१. सत्यवती गाउँपालिकाको गुणस्तरीय शिक्षा कार्यक्रमलाई निरन्तरता दिदै "मेरो विद्यालय मेरो दायित्व", विद्यालयको लागि मेरो भूमिका कार्यक्रम सञ्चालन गरिनेछ ।

२. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

३. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा तहगत दरबन्दी, विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरी भूगोल र विद्यार्थी संख्यालाई आधार मानी दरबन्दी मिलान गरिनेछ।

४. सामुदायिक विद्यालय हाताभित्र धुलो रहित बनाउने, दुबो रोप्ने, भित्ताहरुमा एकै प्रकारको रङ्ग लगाउने, फलफूलका विरुवा लगाउने र भित्ताहरुमा बालमैत्री चित्र एवम् महावाणीहरु लेख्ने नीति लिइनेछ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्गतामैत्री, तथा लैंगिकमैत्री संरचना निर्माण गरिनेछ।

६. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान, गणित र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

७. गाउँपालिकाभित्रका विद्यार्थीहरुको पढाईको अवस्थाबारे बुझ्न तथा अभिभावकसँग सोही विषयमा प्रत्यक्ष अन्तरक्रिया गर्न गाउँपालिका-विद्यार्थी भेट तथा गाउँपालिका-अभिभावक भेट शिक्षा कार्यक्रम सञ्चालनमा ल्याईने छ ।

८. अंग्रेजी, गणित र विज्ञान विषयको सिकाई उपलब्धि वृद्धि गर्ने शिक्षक तथा विद्यालयलाई प्रोत्साहन गरिनेछ।

९. वार्षिक परीक्षा समाप्ति पश्चात विद्यार्थीको सिकाई उपलब्धि परीक्षण कार्यक्रम सञ्चालन गरी विद्यालय तथा विद्यार्थीलाई पुरस्कारको व्यवस्था मिलाइनेछ।

१०. विद्यालय अनुगमन कार्यलाई प्रभावकारी वनाउन कार्ययोजना निर्माण गरी अनुगमन कार्य गरिनेछ।

११. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थापन, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

१२. विद्यालयको शैक्षिक सुधारको लागि शैक्षिक गुणस्तर, औसत सिकाई उपलब्धि एबम् विद्यार्थी संख्याको आधारमा अनुदान प्रणालीको सञ्चालन/व्यवस्थापन गरिनेछ।

१३. विद्यार्थीहरुको चाहना अनुकूल व्यावहारिक र प्राविधिक शिक्षा सम्बन्धी तालिम कक्षा (९-१२) मा सञ्चालन गरिनेछ।

१४. गाउँपालिकाको शैक्षिकस्तर माथि उकास्न यस क्षेत्रभित्र रहेका शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधार, शैक्षिक सामग्री वितरणको कार्यक्रमलाई जोड दिइनेछ ।

१५. शैक्षिक संस्थालाई शान्ति क्षेत्रको रुपमा कायम राखी पठनपाठनमा अवरोध गर्ने खालका क्रियाकलाप सञ्चालन गर्न पूर्णरुपमा बन्देज लगाइने छ ।

१६. जवाफदेहीपूर्ण शिक्षण सिकाई प्रणाली विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रधानाध्यापक र शिक्षा शाखा बिच विद्यालय विकास प्रस्ताव सहित कार्य सम्पादन करार गर्ने र शिक्षक र प्र.अ. बिच सो कार्यको थालनी गरिनेछ।

१७. उत्कृष्ट विद्यालय, विद्यार्थी र शिक्षकहरुलाई प्रोत्साहन गरिनेछ।

१८. प्रारम्भिक बालशिक्षा शैक्षिक यात्राको आधारशिला हो । त्यसैले प्रारम्भिक बालशिक्षामा सबै बालबालिकाको पहुँच तथा गुणस्तरीय बनाउनका लागि बालविकास केन्द्रहरुलाई शैक्षिक सामग्री सहित स्तरोन्नति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९. विद्यालय कर्मचारी, वालविकास सहयोगी कार्यकर्ता, कार्यालय सहयोगीको मनोवल उच्च राख्न थपिएको तलब भत्तालाई निरन्तरता दिने व्यबस्था गरिनेछ ।

२०. बिचैमा पढाई छाड्ने विभिन्न कारण मध्ये बालविवाह एउटा कारण भएको हुँदा विशेष गरी छात्राहरुलाई विद्यालयमा टिकाई राख्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. संस्थागत विद्यालयहरुको नियमन गरिनेछ । नेपाल सरकारको नीति बमोजिम १० प्रतिशत छात्रवृतिको व्यवस्था लागु गर्न प्रोत्साहित गरिनेछ ।

२२. विद्यालयहरु बिचमा स्वस्थ प्रतिस्पर्धाका माध्यमबाट शैक्षिक गुणस्तर अभिवृद्धिका लागि एक नमुना विद्यालय कार्यक्रम सञ्चालनमा ल्याइने छ । त्यसका लागि आवश्यक मापदण्ड तयार गरी त्यस्ता विद्यालयले गाउँपालिकाको शैक्षिक क्षेत्रको अगुवाई गर्ने वातावरण मिलाइने छ ।

२३. विद्यालयस्तरीय शैक्षिक कार्यक्रमहरुलाई योजनाबद्धरुपमा सञ्चालन गर्नका लागि वस्तुनिष्ठ विद्यालय सुधार योजना निर्माणका साथै व्यवस्थापकीय क्षमता विकास गर्न क्षमता विकास कार्यक्रम "साथी शिक्षा कार्यक्रम" सञ्चालन गरिनेछ ।

२४. बालबालिकालाई विद्यालयमा ल्याऊँ, टिकाऊँ र सिकाऊँ जस्ता आदर्श वाक्यलाई सार्थक तुल्याउन सवै बालबालिकालाई विद्यालयको पहुँच, गुणस्तर र सान्दर्भिकतामा जोड दिदै सिपयुक्त शिक्षा प्रदान गर्ने नीति लिईनेछ ।

२५. बालबालिकाको सर्वाङ्गीण विकासका लागि विद्यालयस्तरीय, वडास्तरीय र गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

२६. अतिरिक्त कक्षा "एक विद्यालय एक बँगैचा र एक विद्यालय एक करेसाबारी" कार्यक्रम सञ्चालन गर्न प्रेरित गरिनेछ।

२७. सार्वजनिक शिक्षामा गरिएको लगानीलाई खेर जान नदिन कक्षा शिक्षणमा आधारित अनुगमन प्रणालीको विकास गरी अनुगमन मूल्यांकन कार्यलाई प्रभावकारीरुपमा सञ्चालन गरिनेछ ।

२८. परीक्षा प्रणालीमा सुधारका लागि कक्षा ८ को परीक्षा गाउँ पालिकास्तरबाट सञ्चालन गरिनेछ। साथै १-९ को परीक्षा समेत गाउँपालिकास्तरमा एकरुपता गर्ने गरी उक्त समिति मार्फत नै सञ्चालन गरिनेछ ।

२९. शिक्षकलाई कक्षाकोठाभित्र व्यवस्थित र प्रभावकारी शिक्षण गर्नका लागि दैनिक पाठयोजना सहित शिक्षण सामग्री उपयोग गर्न लगाई शिक्षण गर्ने वातावरण निर्माण गरिने छ। त्यसको अनुगमन गाउँपालिका शिक्षा समिति, वि.व्य.स र प्र.अ. मार्फत गर्ने साथै त्यसको त्रैमासिक प्रगति प्रतिवेदन प्र.अ. ले शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्ने र सोको आधारमा विभिन्न मागमा आधारित कार्यक्रमहरु सञ्चालन गरिने छ ।

३०. Supply Based तालिमहरुले उपलब्धि दिन नसकेको कुरा सर्वविदितै छ। त्यसकारण शिक्षकहरुको लागि मागमा आधारित ( Demand Based ) तालिमको व्यवस्था गरिनेछ।

३१. विद्यालयको सम्पूर्ण अभिलेख रहने IEMIS र दोहोरो लेखा प्रणालीमा आधारित तालिम सञ्चालन गरिनेछ । IEMIS मा Update गर्न विद्यालयलाई जवाफदेही बनाईनेछ ।

३२. जनसंख्याको बनोट र भौगोलिक अवस्था समेतलाई मध्यनजर गर्दै विद्यार्थी संख्या न्यून भएका र नजिकको दुरीमा रहेका विद्यालयहरुलाई समुदायसँगको सहकार्यमा समायोजन एवम् एकीकरण गर्नुका साथै विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी मिलान कार्य वार्षिक शैक्षिक सत्र अनुसार गर्दै थोरै विद्यालय धेरै विद्यार्थी तथा आवासीय विद्यालयको नीति लिईनेछ ।

३३. स्थानीय स्तरमा रहेका प्रतिभाहरुलाई खेलकुदमा पहिचान, संरक्षण र विकासका लागि स्थानीय खेलकुद विकास समिति गठन गरी सो मार्फत खेलकुद क्षेत्रको विकास गरिने छ ।

३४. वाल क्लब, स्काउट, रेडक्रस जस्ता सामाजिक संस्थालाई मानव सेवा सञ्चालनमा लगाइनेछ ।

३५. हरेक विद्यालयले अतिरिक्त कक्षा सञ्चालन गरी आफ्नो करेसाबारीमा कृषि कार्यक्रम सञ्चालनको नीति अबलम्बन गरिनेछ ।

३६. प्राविधिक विद्यालयलाई थप व्यवस्थित गरी सञ्चालन गरिनेछ ।

३७. सत्यवती गाउँपालिका भित्रका विद्यालयमा वाल संस्कार, किशोरी शिक्षा तथा योग शिक्षा कार्यक्रम लागु गरिनेछ ।

३८. सत्यवती गाउँपालिकाभित्र रहेका विद्यालयका अभिभावक,विद्यार्थी,शिक्षक बिच "असल अभ्यासको" कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. प्रविधिमैत्री शिक्षा अन्तर्गत स्मार्ट बोर्डको प्रयोगमा जोड दिईनेछ ।

४०. विद्यालयको समग्र अवस्थाको अध्ययन गर्न एक कार्यदल गठन गरी कार्यदलले दिएको सुझाव बमोजिम विद्यालय सुधार योजना अघि बढाइनेछ ।

४१. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक आधारभूत तह (१-५) लाई निरन्तरता दिदै र कक्षा (६-८) मा शैक्षिक शत्र २०८२ बाट पूर्णरुपमा लागु गर्ने नीति लिईनेछ ।

४२. तहगतरुपमा सिकाई उपलब्धि गाउँपालिका तहमा मापन गरी प्र.अ. तथा विषयगत शिक्षकलाई थप जिम्मेवार बनाउने नीति लिईनेछ ।

४३. लगातार २ वर्षसम्म गाउँपालिका स्तरीय तथा वोर्ड परीक्षामा उत्तीर्ण नतिजा ल्याउन नसक्ने विद्यालयलाई गा.पा. स्तरीय अनुदान कटौती गर्ने तथा विषयगत शिक्षकको २ ग्रेडसम्म ग्रेड वृद्धि रोक्का गर्ने नीति लिईनेछ ।

४४. किशोरी आत्मरक्षा तालिम/प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

४५. विद्यालयमा सत प्रतिसत नतिजा ल्याउने शिक्षकलाई पुरस्कृत तथा सत प्रतिसत नतिजा नल्याउने शिक्षकलाई जवाफदेही बनाउने नीति अवलम्बन गरिनेछ ।

४६. सत्यवती गाउँपालिकाको कम्तिमा एक विद्यालयमा शुक्रबार नो-बुक कार्यक्रम सञ्चालन गरिनेछ ।

४७. दिवा खजालाई पोषणयुक्त र प्रभावकारी बनाउने व्यवस्था गरिनेछ ।

४८. मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि मनोवैज्ञानिक अन्तर्क्रिया शिविर सञ्चालन गरिनेछ ▯।

४९. पठन संस्कृति विकासका लागि कम्तिमा माध्यमिक विद्यालयमा पुस्तकालय र पालिकामा सुविधा सम्पन्न ▯▯▯▯▯▯▯ ▯▯▯▯▯▯▯पुस्तकालय बनाइने छ ▯।

५०.सबै विद्यालयलाई प्रविधिसँग जोडिने प्रयास गरिनेछ । 

५१.शैक्षिक शत्र २०८१ बाट निरन्तर विद्यार्थी मूल्याङ्कन (कक्षा १-३) लागु गर्ने नीति अवलम्वन गरिने छ ।

५२.पढ्दै कमाउदै कार्यक्रम लागु गर्न विद्यालयलाई प्रोत्साहन गर्ने नीति लिईने छ।

५३.२० वर्ष सेवा अवधि पुरा गरेका स्थायी शिक्षकलाई स-सम्मान अवकाशमा जान प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

५४.विद्यार्थी, शिक्षक र अभिभावकहरुलाई उत्पादनसँग जोडी विद्यालयहरुलाई स्वावलम्वन बनाउने नीति अवलम्वन गरिने छ ।

५५.सहिद परिवार, विपन्न र जेहेन्दार विद्यार्थीहरुको लागि उच्च शिक्षामा पहुँच सुनिश्चितताको नीति अवलम्वन गरिने छ ।

५६.विद्यालयहरुलाई योग, साधना र नैतिकताको शिक्षा प्रदान गर्न प्रोत्साहित गरिनेछ ।

५७.गुणस्तरीय र व्यवसायिक शिक्षालाई सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गरिने छ ।

५८.सत्यवती गाउँपालिका भरि सञ्चालित विद्यालयको नतिजा सुधारका लागि अग्रेजी, गणित, विज्ञान विषयको अतिरिक्त कक्षा सञ्चालन गरिनेछ ।

५९.गाउँपालिकाभित्र रहेका शिक्षक, कर्मचारी, विद्यार्थीलाई प्रविधिसँग जोड्दै लगिनेछ ।

६०.शिक्षालाई व्यवहारिक र गुणस्तरीय बनाउनको लागि विद्यार्थीसँग गाउँपालिकाको कार्यक्रम लागु गरिनेछ ।

६१. विषयगत र अन्य शिक्षकहरुसँग प्रत्येक वडाहरुमा वर्षको १ पटक समस्या र निकास बारेमा छलफल गरिनेछ ।

६२.विद्यार्थीलाई अनुशासित र जिम्मेवार बनाई यसै वर्षदेखि NCC तालिम सञ्चालन गरिनेछ ।

६३.गाउँपालिकासँग प्रधानाध्यापक कार्य सम्पादन करार सम्झौता गरिनेछ ।

६४.सिकाई केन्द्रलाई थप प्रभावकारी बनाउन र अन्य वडाहरुमा क्रमश विस्तार गरिनेछ ।

**ख. संस्कृतिको नीति**

१. सनातनदेखि चलिआएका धर्म- संस्कृतिको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२. स्थानीय भाषा, भेषभूषा, चाडपर्व, नाचगान, बाजागाजा आदिको संरक्षण, सम्बर्द्धन गर्ने नीति लिइनेछ।

३. सराय नाच, लाखे नाच, झुमा नाच, कौडा, सोरठी, घाटु, भजन आदिको संरक्षण गरिनेछ।

४. कुँडुले घर संरक्षण गरिनेछ ।

५. पुर्खौली पेशा,उद्योग,कृषि औजार,कपडा सिलाई,जुत्ता सिलाई आदिलाई आधुनिक उद्योगमा रुपान्तरण गरिनेछ ।

६. भाषा, संस्कृति, भेषभूषा संरक्षणको लागि प्रतिष्ठान गठन गरिनेछ ।

७. सत्यवती भाषा, साहित्य, कला प्रतिष्ठान गठन र विधागत कार्यशाला सञ्चालन गरिने छ ।

८. मातृभाषामा साक्षरताका कक्षाहरु सञ्चालन गरिनेछ

९. लोपोन्मुख मौलिक कला र सस्कृति संरक्षण एवं पुस्ता हस्तान्तरणको विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

## ग. जनस्वास्थ्य तथा पोषण सम्बन्धी नीति

१. आधारभूत स्वास्थ्य सेवालाई थप भरपर्दो र गुणस्तरीय एवम् निशुल्क बनाईनेछ । यसको साथै ९८ किसिमका औषधी बार्हैं महिना अटुटरुपमा उपलब्ध गराइनेछ ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रवन्ध गर्दै लगिनेछ।

३. गाउँपालिकाभित्र रहेका एचआइभी एड्स तथा क्षयरोगका विरामीहरुलाई सचेतना तथा स्वास्थ्य परीक्षणको लागि आवश्यक व्यवस्था गरी पोषण तथा यातायात खर्चको व्यवस्थापन गरिनेछ।

४. गाउँपालिकाभित्रका असक्त, असहाय तथा ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य पहुँच कार्यक्रम लागु गर्न स्वास्थ्यकर्मीहरुलाई Home visit को व्यवस्था मिलाइनेछ।

५. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ। अध्ययन अवलोकनको व्यवस्था मिलाईने छ।

६. मेडिकल अधिकृत सहित अध्यक्ष जेष्ठ नागरिकसँग भेट गरी स्वास्थ्य उपचारको व्यवस्था मिलाईने छ।

७. यस गाउँपालिकामा रहेका बर्थिङ्ग सेन्टरहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। साथै सामुदायिक स्वास्थ्य इकाईहरु औचित्य र आवश्यकताको आधारमा प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति लिईनेछ।

८. यस गाउँपालिकामा मातृ मृत्यु र बाल मृत्युदर न्यूनीकरण गर्न उपाध्यक्षसँग ग्रामिण अल्टा साउण्ड सहित गर्भवती तथा सुत्केरी आमा र अभिभावकसँग भेट गरी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ। मातृ स्वास्थ्य सुधारका लागि आवश्यक कार्यक्रमहरुको व्यवस्था गरिने छ।

९. आम सत्यवतीबासीको स्वास्थ्य सम्बन्धी ध्यान दिदै म्याद नाघेका खाद्य पदार्थ, औषधी आदिको प्रयोगलाई निरुत्साहित गर्न प्रभावकारी अनुगमन गरिनेछ ।

१०. पाठेघरको क्यान्सरको जाँच (VIA TEST) निशुल्क रुपमा गरिनेछ।

११. सबै स्वास्थ्य संस्थाहरुलाई प्रविधिमैत्री, बालमैत्री, अपाङ्गमैत्री , किशोर किशोरीमैत्री र पोषणमैत्री बनाउदै लगिनेछ।

१२. गाउँपालिकाभित्रका आम नागरिकको स्वास्थ्य अवस्थाको सुधारको लागि आवश्यक शिविर तथा योगाभ्यासका कार्यक्रममा जोड दिइनेछ।

१३. मानसिक रोग र नसर्ने रोग नियन्त्रण गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. सत्यवती गाउँपालिकामा बसोबास गरेका अति विपन्न नागरिक तथा घरपररिवार पहिचान गरी १ पटकको लागि निशुल्क बिमाको व्यवस्था गरिने छ ।अति विपन्न नागरिक पहिचान सम्बन्धी कार्यविधि निर्माण पश्चात उक्त मापदण्डमा परेका ब्यक्ति तथा घरपरिवारलाई निशुल्क विमाको ब्यवस्था गरिनेछ ।

१५. भौगोलिक अवस्थाका कारण यातायात नपुगेको सत्यवती गाउँपालिकाको हँसराको पम्फुकामा सवास्थ्य शिविरको ब्यवस्था मिलाईनेछ।

१६. क्यान्सर ,मेरुदण्ड भाँचिएका र किडनी रोगीहरुलाई मासिक रुपमा दिने रु ५०००/- नियमित वितरण गरिनेछ ।

१७. गर्भवती तथा अति विपन्न, अशक्त व्यक्तिहरुलाई प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार हुन नसकी अन्य स्थानमा रेफर हुनु परेमा एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

१८. एक स्वास्थ्य संस्था एक करेसावारी कार्यक्रम सञ्चालन गरिने छ। ।

१९. अति विपन्न नागरिकको लागि औषधी उपचारमा सहयोग गर्न स्वास्थ्य राहत कोष मार्फत राहत रकम वितरण गरिनेछ ।

२०. मेरो घरको फोहर म आफै व्यवस्थित गर्छु भन्ने नाराकासाथ कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै संकलन गरी पूर्ण सरसफाइयुक्त गाउँपालिका बनाउन वडास्तरबाटै सरसफाइ अभियानलाई सक्रिय तुल्याई पूर्ण सरसफाइयुक्त वडा घोषणा गर्दै लगिनेछ ।

२१. ७० वर्ष माथिका मोतियाविन्दु भएका व्याक्तिलाई आँखा उपचार केन्द्रको प्राविधिक सहयोग र गाउँपालिकाको आर्थिक सहयोगमा अप्रेसन सहितको आँखा शिविर कार्यक्रम सञ्चालन गरिने छ ।

२२. स्वास्थ्य शाखा, स्वास्थ्य संस्था, विद्यालय तथा महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुबाट किशोरी आइरन तथा विद्यालय स्वास्थ्य शिक्षालाई थप प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

२३. विद्यालय तथा समुदायमा पत्रु खाना (जङ्क फुड) निरुत्साहित गर्दै अर्गानिक खाद्य बस्तुहरुलाई बढावा दिने नीति अवलम्वन गरिनेछ ।

२४. आ.व. २०७९/०८० सम्म ४ वटा वडा शून्यहोम डेलिभरी घोषणा भै सकेको र आगामी वर्ष अन्य वडाहरु पनि घोषणा कार्यलाई निरन्तरता दिई यस वर्ष गाउँपालिकालाई शून्य होम डेलिभरी गाउँपालिका घोषणा गरिने छ।

२५. आयुर्वेद उपचार पद्धतिलाई बढावा दिन योग, ध्यान, जडिबुटी लगायतका वैकल्पिक स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई विकास तथा प्रवर्द्धन गरिनेछ ।

२६. महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका दिवसका दिन प्रत्येक वडाबाट उत्कृष्ट कार्य गर्ने १/१ जना महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई सम्मान गरिनेछ ।

२७. संघ प्रदेशको सहयोगमा महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर रोकथाम गर्न यस आ.व. मा गाउँपालिकामा एच पि.भि खोप सञ्चालन साथै स्तन क्यान्सर स्क्रिनिङ्ग कार्यक्रम सञ्चालन गरिनेछ

२८. क्षयरोगका जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सक्रिय क्षयरोग खोजपडताल कार्यक्रम सञ्चालन गरिने छ ।

२९. निर्माणाधिन स्वास्थ्य सस्थाहरु(हँसरा लिम्घा जोहाङ्ग जुनियाँ)लाई निर्माण सम्पन्न गरी उक्त सस्थाबाट नै सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

३०. चेहेमी आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई स्थायी दरबन्दी भवन सहितको स्वास्थ्य सस्थामा स्तरोन्नति गर्न पहल गरिने छ ।

## घ. खानेपानी तथा सरसफाइ सम्बन्धी नीति

१. "एक घर एक धारा" मार्फत प्रत्येक टोलटोलमा व्यवस्थित खानेपानीको प्रवन्ध गर्ने कार्यलाई प्राथमिकता क्रमअनुसार निरन्तरता दिइनेछ।

२. सत्यवती गाउँपालिका क्षेत्रमा प्लास्टिकको प्रयोगलाई निरुत्साहित गर्ने नीतिलाई निरन्तरता दिँदै नकुहिने फोहोर पदार्थको सङ्कलन र भण्डारण गरी वेचविखन गरी आन्तरिक आय वृद्धि गर्न प्रयोग गरिनेछ। गाउँपालिका क्षेत्रलाई प्लास्टिक र धुँवामुक्त क्षेत्र बनाइनेछ ।

३. बाटो घाटो, नदी नाला, खोला लगायतका सार्वजनिक तथा खुला ठाउँमा जथाभावी फोहोर फाल्नेलाई कारवाहीको दायरामा ल्याइनेछ।

४. सार्वजनिक शौचालयलाई व्यवस्थित गर्न प्रोत्साहित गरिनेछ ।

५. पानीका मूलहरु संरक्षण कार्यमा जोड दिईनेछ ।

६. वस्ती सुरक्षित राख्न भललाई व्यवस्थित गरिनेछ ।

**ङ. <u>महिला, वालबालिका र सामाजिक समावेशीकरण सम्बन्धी नीति</u>**

१. ग वर्ग अपाङ्गता र पति वेपत्ता भएका एकल महिलाहरुलाई प्रदान गरिने आर्थिक सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. हिंसामा पिडित महिला तथा बालबालिकाहरुलाई उद्धार तथा सहायता कार्यक्रम सञ्चालन गरिनेछ ।

३. प्रत्येक महिनाको एक दिन अपाङ्ग परिचयपत्र वितरणको लागि गाउँपालिकामा शिविर सञ्चालन गरिनेछ र आवश्यकता अनुसार विभिन्न ठाउँमा घुम्ती शिविर सञ्चालन गरिनेछ ।

४. महिलाको महान पर्व हरितालिका तिजको अवसरमा विशेष सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. ज्येष्ठ नागरिकहरुसँग उनीहरुको ज्ञान, सिप र अनुभवहरुको बारेमा जानकारी लिनको लागि भेटघाट र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

६. सामाजिक योगदानका आधारमा ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।

७. अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको आवश्यकता अनुसार दैनिक जीवनयापन सहज गराउनको लागि अपाङ्गता सामग्री वितरण गरिनेछ ।

८. विभिन्न दिवसहरु जस्तै नारी दिवश, बाल दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, ज्येष्ठ नागरिक दिवस, श्रमिक महिला दिवस र अन्य दिवसहरुहरुमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९. महिलाहरुको लागि क्षमता विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०. रुद्रवेणी आश्रममा दिवा सेवा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

११. महिलाहरुलाई सम्मान तथा विभिन्न सिपमूलक तालिमहरु प्रदान गरिनेछ ।

१२. सत्यवती गाउँपालिकालाई बालश्रममुक्त गाउँपालिका घोषाणा गरिनेछ ।

१३. बालमैत्री स्थानीय शासन, बाल अधिकार सम्बन्धी कानुनहरु बनाईनेछ ।

१४. विद्यालय तथा समुदायहरुमा बालक्लबहरुको स्थापना गरिनेछ ।

१५. फरक क्षमता भएका महिला तथा बालबालिकाहरुलाई क्षमता विकासको लागि आवश्यक सहयोग गरिनेछ ।

१६. लैङ्गिक समानता, महिला सशक्तिकरण तथा समावेशीकरण सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१७. बालबिवाह अन्त्यको लागि दौतरी शिक्षा, अतिरिक्त क्रियाकलाप, वालक्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानुनी उमेर, बाल विवाहको नकारात्मक असरहरूबारे आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने क्षमता सम्बन्धी समुदायस्तरमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८. बालविवाह, दलित तथा महिला हिंसालाई निरुत्साहित गर्न तालिम तथा प्रशिक्षण दिईनेछ ।

१९. ज्येष्ठ नागरिक, बालबालिका, अपांगमैत्री संरचना निर्माणमा जोड दिइनेछ ।

२०. आदिबासी जनजाति समुदायको आर्थिक, सामाजिक विकास गर्न क्षमता तथा सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. प्रहरीसँगको सहकार्यमा साइबर अपराधको विषयमा लक्षित समूह सुचीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. पालिका स्तरीय लै.स.सा.स को लागि महिला पुरूष समविकास अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२३. महिला र पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्यसंख्यकको समविकास र सामाजिका विभेदको अन्त्य गर्न अलग्गै नीति बनाइने छ।

२४. स्थानीय तहको नीति तथा कानुनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्न छुट्टै नीति बनाइने छ।

२५. गर्भवती र सुत्केरी आमालाई बाध्य पारी शारिरिक र मानसिक चोट पुग्ने गरी काममा लगाउन नपाइने नीति बनाइने छ । गर्भवती तथा सुत्केरी आमालाई जोखिममुक्त र पोषणयुक्त बनाउन अविभावक शिक्षा दिईनेछ ।

२६. स्थानीय तहमा लैङ्गगिक हिंसा निवारण, महिला सिप विकास, नेतृत्व विकास क्षमता अभिवृद्धी जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

२७. स्थानीय तहमा महिला र लक्षित समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

२८. निरक्षर महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्याक्रमहरु सञ्चालन गर्न छुट्टै नीति बनाइने छ। जस्तैः- अभिभावक शिक्षा, प्रौढ तथा किशोरी शिक्षा

२९. संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९५९ मा उल्लेखित भए अनुरुपका कार्यक्रमहरु सञ्चालन गरिने छ।

३०. महिला अधिकार तथा समानताको लागि भएका बेइजिङ्ग घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ।

## युवा, खेलकुद तथा नवप्रवर्तन सम्बन्धी नीति

१. "स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने राष्ट्रिय नारा सहित युवाहरुलाई उत्प्रेरित गर्न खेलकुद विकास, सामाजिक र उद्यमशीलताको क्षेत्रमा कार्य गरेका युवाहरुलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

२. खेलकुदको माध्यमबाट युवाहरुको क्षमता एवम् व्यक्तित्व विकासका लागि भलिबल कोर्ट एवम् ब्याडमिन्टन कोर्ट र व्यायामशाला निर्माण गरिनेछ ।

३. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण

तथा मर्मत सम्भार गरिनेछ।

४. युवाहरुलाई सिप तथा क्षमता विकाससँग जोड्दै आय आर्जनमा वृद्धि गरी स्वरोजगार, आत्मनिर्भर बनाउने नीति लिईनेछ ।

५. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरुमार्फत दुर्व्यसनमुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

६. "विदेश हैन व्यापार" भन्ने भावनाकासाथ वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिपको सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील लगायतका प्रोत्साहनमुखी कार्यक्रमसँग आवद्ध गरिनेछ।

७. युवा बेरोजगारी न्यूनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, ब्यावसायिक पशुपालन तथा तरकारी खेती, वहुवर्षिय फलफूल रोपण जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनीकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

९. ज्येष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहार हटाई सम्मानजनक जीवनयापनका लागि आवश्यक प्रवन्ध गरिनेछ साथै ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवको अन्तर पुस्ता हस्तान्तरण कार्यको थालनी गरिनेछ।

१०. गाउँपालिका स्तरीय राष्ट्रपति रनिंग शिल्ड कार्यक्रमलाई निरन्तरता दिने नीति अवलम्वन गरिनेछ।

**च. लैङ्गिक समानता सम्बन्धी नीति**

१. सामाजिक एवम् विकास प्रक्रियामा पछाडि परेका र पारिएका वर्ग, समुदाय र क्षेत्रको विकासका लागि समानुपातिक सहभागिता गराईनेछ ।

२. महिला, बालबालिका, आदिवासी जनजाति, दलित पिछडिएका वर्ग, अपाङ्गता एवम् लैङ्गिक अल्पसङ्ख्यक एवम् विपन्न वर्गको सशक्तिकरण गर्दै लगिनेछ ।

३. विकास निर्माण तथा नीति निर्माणमा महिला, बालबालिका दलित, आदिवासी जनजाति, पिछडिएका एवम् विपन्न वर्गको समानुपातिक र अर्थपूर्ण सहभागिता गराईनेछ ।

४. महिला, वालवालिका, दलित, आदिवासी जनजाति, मानवअधिकारका क्षेत्रमा नेपाल राष्ट्रले अनुमोदन गरेका संयुक्त राष्ट्र संघीय एवम् अन्तराष्ट्रिय प्रतिवद्धता उवम् घोषणाको प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

५. समाजमा विद्यमान हानिकारक प्रचलन (बालविवाह, लिङ्ग पहिचान, शारीरिक एवम् लैङ्गिक हिंसा, रुढीवादी परम्परा) न्यूनीकरणका लागि सामाजिक व्यवहार सुधार नीतिको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६. गाउँपालिकास्तरीय आदिवासी जनजाति उत्थान प्रतिष्ठान गठन गरिनेछ ।

७. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

९. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१०. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिष्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

१२. समाजमा रहेका सामाजिक विभेदहरु, छुवाछुत, सामाजिक कुरीति, लागुऔषध दुर्व्यसनी, बाल विवाह, बहुविवाह, दाइजो, बोक्सी, अन्धविश्वास, लैगिक विभेद र हिंसाका घटनाहरु कमी गर्नका लागि प्रहरी कार्यालयसँग समन्वय र सहकार्य गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. स्थानीय तहबाट गठन हुने समिति उपसमितिहरु कार्यदल गठन गर्दा कानुनमा निर्दिष्ट गरेको समानुपातिक समावेशिता अनिवार्यरुपमा कार्यन्वयन गरिनेछ।

१४. सामाजिक सुरक्षा तथा संरक्षणको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार भएको कानुनी व्यवस्था बमोजिम ज्येष्ठ नागरिक आश्रयस्थल, सार्वजनिक स्थलहरुमा गा.पा. भवन, वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालयहरु समेतमा क्रमश स्तनपान कक्षको स्थापनाको लागि व्यवस्था गरिनेछ।

१५. सत्यवती गाउँपालिकालाई लैङ्गिक हिंसामुक्त बनाउन जातीय विभेद र छुवाछुत अन्त्य गर्न, वालश्रम निर्मुल गर्न, सांस्कृत तथा सामाजिक सद्भाभाव कायम गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६. समाजमा व्याप्त कुरीति, कुसंस्कार, रुढीवादी र सामाजिक विकृति विरुद्धका कार्यक्रमहरु ल्याईनेछ। बालश्रम, बालविवाह, बहुविवाह, दाईजो, बोक्सी जस्ता कु-प्रथा रोंकथामका लागि आवश्यक नीति अवलम्बन गरिनेछ।

१७. दलित वर्ग र जनजातिहरुको आर्थिक र सामाजिक सशक्तिकरणको लागि गाउँपालिकाबाट आवश्यक नीति बनाई लागु गरिनेछ।

१८. नेपाल सरकारले सन् २०३० सम्म दिगो विकासका लक्ष्य प्राप्ति गर्ने लक्ष्य बमोजिम गाउँपालिकाको विकासको आयामलाई दिगो विकास प्राप्त हुने गरी योजनाहरु कार्यान्वयन गरिनेछ ।□ दिगो विकास र पर्यावरणीय सन्तुलनलाई उच्च महत्व दिइनेछ। विकास निर्माण कार्यलाई सहभागितामूलक र दिगो वनाइनेछ।

१९. महिला र वञ्चितिकरणमा परेका समुदायलाई लोकसेवा तथा शिक्षक सेवा तयारी कक्षा सञ्चालनको व्यवस्था गरिनेछ।

२०. संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदबाट पारित प्रस्ताव १३२५ र १८२० को कार्यान्यनका लागि आवश्यक व्यवस्था गरिनेछ।

२१. गरिब अल्पसंख्यक नागरिकलाई निश्चित मापदण्डका आधारमा जटिल प्रकृतिका रोगहरुको उपचारको लागि आर्थिक सहायता उपलब्ध गराइनेछ।

२२. लैङ्गिक समानता र महिला सशक्तिकरणको नीतिलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ। नीति निर्माण तहमा महिलाको अर्थपूण सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्दै नेतृत्व विकासमा जोड दिइनेछ। शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी निवारण, जीविकोपार्जन सुधार सामाजिक सुरक्षा, पूर्वाधार पहुँच लगायतका विषयमा महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

२३. सुशासनयुक्त गाउँपालिका अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशीलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

२४. महिला, युवा, दलित, आदिवासी जनजाति, अल्पसंख्यक र बालबालिकाहरुको क्षमता विकास गरी अर्थपूर्ण र समानुपातिक सहभागिता गराई सामाजिक विकास प्रक्रियालाई समावेशी बनाईनेछ ।

२५. महामारी, आपतकालीन अवस्था, प्राकृतिक प्रकोप, प्रकोप पूर्ण तयारी एवम् उद्दार कार्यमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको पक्षलाई कार्यान्वयन गरिनेछ ।

२६. सामाजिक समावेशीकरण एवम् लैङ्गिक समानता प्रवर्द्धन गर्ने महिला, बालबालिका, दलित, आदिवासी जनजाति, युवा, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरु लगायत लक्षित वर्गको सशक्तिकरण र मूलप्रवाहीकरण गर्न आर्थिक तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३) **<u>पूर्वाधार विकास समिति सम्बन्धी नीति</u>**

**क. भवन, वस्ती, आवास तथा शहरी विकास सम्बन्धी नीति**

१. प्रत्येक वडाको मुख्य मुख्य बजारक्षेत्र, सार्वजनिक स्थल र पर्यटकीय स्थलहरुमा सार्वजनिक शौचालयको निर्माण गर्ने नीति लिइनेछ ।

२. गाउँपालिकाभित्र रहेका सडकबाट नयाँ निजी बाटोहरु अनुमति बिना निर्माण गर्न दिईने छैन र सो सडकले गर्दा आउने क्षतिको जिम्मेवार समेत निजलाई बनाई रकम असुल उपर गरिनेछ ।

३. नाली बाहेक न्यूनतम ४ मिटर चौडाई र पूर्वाधार पुगेको सडकमा मात्र कालोपत्रे गर्न प्राथमिकता दिईनेछ ।

४. नक्सापास नगरी वा नक्सापास भन्दा फरक गरी निर्माण भइसकेको भवनहरुको अभिलेखीकरणका लागि भवन अभिलेखीकरण कार्यविधिद्धारा व्यवस्थित गरिनेछ।

५. नयाँ घर बनाउदा अनिवार्य घर नक्सा पासको अनुमति लिएर मात्र बनाउने प्रक्रिया अवलम्बन गर्ने व्यवस्था लागु गरिनेछ ।

६. गाउँपालिकास्तरीय  र गौरवका आयोजनाहरुलाई सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन, IEE गरेर मात्र योजना अगाडि बढाईनेछ ।

७. पूर्वाधार निर्माण गर्दा वातावरणमैत्री  हुने गरी निर्माण गरिनेछ ।

८. ५ लाख भन्दा माथीका योजनाहरु टेन्डर प्रणालीबाट प्रतिस्पर्धाद्वारा निर्माण कार्यको थालनी गरिनेछ ।

९. वस्ती संरक्षण, भल व्यवस्थापन तथा भूक्षय न्यूनीकरण  गर्ने गरी मात्र बजेट विनियोजन र निर्माण कार्य गरिनेछ ।

१०. एक अर्को वस्ती जोडी सहज आवजजावत गर्नको लागि झोलुङ्गे पुलको निर्माणलाई जोड दिइनेछ।

११. जन श्रमदानको योगदान न्यूनतम १० प्रतिशत कायम गरिनेछ ।

ख. <u>सडक तथा पुल सम्बन्धी नीति</u>

१. गाउँपालिका भित्रका महत्वपूर्ण सडकलाई बाह्रै महिना चल्न सक्ने गराईनेछ ।

२. गाउँपालिकाका बजार क्षेत्रमा ट्राफिक जाम, अव्यवस्थित पार्किङ्ग लगायतका समस्यालाई मध्यनजर गर्दै पार्किङ्ग व्यवस्थित गर्न सवारी साधन पार्किङ्ग स्थलको व्यवस्था गरिएकोले यसको प्रयोगमा कडाई गरिनेछ ।

३. सत्यवती गाउँपालिका क्षेत्रभित्र यातायातको भाडादर निर्धारण गर्न व्यवसायीसँग छलफल गरिनेछ ।

४. गाउँसभाबाट पारित आयोजनाहरुको लागत अनुमान तयारी र सूचना प्रकाशन, आयोजना सम्झौता, कार्यादेश र आयोजना कार्यक्रमको काम सक्ने गरी कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गरिनेछ ।

५. आर्थिकरुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी आयोजना कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

६. भौतिक पूर्वाधारको गुणस्तर परीक्षण कार्य गर्न ल्याव स्थापना गर्न प्रयत्न गर्ने र निर्मित संरचनाको दिगो संरक्षण गरिनेछ ।

७. यातायातलाई व्यवस्थित गर्न सडक गुरुयोजना अनुसार कार्य अगाडि बढाईनेछ ।

ग. <u>जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा</u>

१. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

२. संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

३. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

४. अस्पतालजन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्णरुपमा जिम्मेवार बनाइनेछ।

५. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरी सार्वजनिक शौचालयहरु निर्माण तथा सञ्चालनलाई निरन्तरता दिदै अभियानका रुपमा अगाडि बढाइनेछ।

**घ. <u>सूचना तथा सञ्चार प्रविधि</u>**

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढीकरण गर्दै सञ्चार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

**ङ. <u>न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम</u>**

१. न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानुनहरुको प्रबन्ध मिलाइनेछ।

२. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. प्रत्येक वडामा रहेका मेलमिलापकर्ताको क्षमता  वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

४. न्यायिक समितिले गर्ने न्याय निरुपणलाई वडा तहमै मेलमिलाप गर्न, गराउन वडामा मेलमिलापकर्ताको सक्रियता वृद्धि गरिनेछ ।

४) **वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति**

**क. वन, हरियाली र जैविक विविधता सम्बन्धी नीति**

१. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

२. संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ।

४. पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र जल, जमिन, जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।

५. विपद्बाट हुने क्षतिलाई कम गर्नका लागि विपद् राहत उद्धार सामग्रीहरुको पर्याप्त व्यवस्था गरी नेपाल प्रहरीसँग साझेदारीमा उद्धार कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६. भूकम्पीय जोखिम न्यूनिकरणको लागि भूकम्प प्रतिरोध भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

७. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

**ख. भू-संरक्षण र जलाधार व्यवस्थापन**

१. भूक्षयग्रस्त क्षेत्रहरुलाई बायो इन्जिनियरिङ्ग, विभिन्न ग्रामिण प्रविधिहरुका माध्यमबाट रोकथामका उपाय अवलम्बन गरिनेछ ।

२. वातावरण संरक्षणको लागि उपर्युक्त स्थानहरुमा रिचार्ज पोखरी खन्ने कार्यलाई निरन्तरता दिँदै "एक वन एक पोखरी" निर्माण अभियान सञ्चालन गरिनेछ।

३. भौतिक पूर्वाधारको निर्माण गर्दा प्राकृतिक स्रोत, वन जङ्गल एवम् जैविक विविधता र पारिस्थितिक प्रणालीलाई खलल नपर्ने गरी विकास निर्माणका कार्य सञ्चालन गरिनेछ।

४. वन क्षेत्रको वैज्ञानिक एवम् दिगो व्यवस्थापन गरी आर्थिकरुपले महत्वपूर्ण वनस्पति तथा जडिबुटीको संरक्षण र विकास गर्ने नीति लिइनेछ ।

५. वन तथा वन्यजन्तुलाई संरक्षण गर्ने कार्यमा आवश्यक पहल गर्नुका साथै सडकको दाँया बाँया वृक्षारोपण गरी हरियाली कायम गर्ने तथा वातावरण तथा जलवायु अनुकूलन हुने गरी विकासका क्रियाकलाप सञ्चालन गरिनेछ ।

६. बडिगाड र अन्य खोलामा करेन्ट लगाएर एवम् विष हालेर माछा मार्ने कार्यलाई पूर्ण रुपमा निषेध गरी उक्त क्रियाकलापमा संलग्न व्यक्तिलाई कारवाही गरिनेछ ।

७. सार्वजनिक वन,जमिन,चौर,कुलोलाई संरक्षण गरिनेछ ।

८. सामुदायिक बनबाट अधिकतम लाभ लिनको लागि खाली बनमा वृक्षारोपण, बहुमुल्य काठ जडीबुटीका बिरुवा वृक्षारोपण गर्ने र बन उपभोक्ता समितिको कार्यविधि अनुसार कटानी छटानी बिक्री वितरणको कार्यलाई आगाडि बढाईनेछ ।

९. वन डिभिजन कार्यालयसँग समन्वय गरी आवादी घर वरिपरिका कुकाठलाई व्यवस्थापन/विस्थापन गरिनेछ ।

१०. भू-उपयोग नीति लागु गरिनेछ ।

११. वन जंगल जडिबुटी सम्बन्धी अध्ययन अनुसन्धान कार्यको थालनी गरिनेछ ।

१२. खोला तथा नदीजन्य पदार्थको अनाधिकृत दोहन र उत्खननमा कडाईपूर्वक नियन्त्रण गरिनेछ ।

१३. अतिवृष्टि खण्डवृष्टि र आगलागीले बस्ती जोखिममा भएकाले भल व्यवस्थापन, फोहरबस्तु, पाखो सरसफाई गर्दा लाग्न सक्ने आगलागी नियन्त्रण गरिने छ। आगलागी लगाउने व्यक्ति पहिचान गरी कानुनी दायरामा ल्याइनेछ ।

## ग. वातावरण तथा फोहरमैला व्यवस्थापन

घ. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनीकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

ङ. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियत बिग्रेको जमिनको सुधार गरी जल, जमिन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ।

च. पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।

छ. विपद्बाट हुने क्षतिलाई कम गर्नका लागि विपद् राहत उद्धार सामग्रीहरुको पर्याप्त व्यवस्था गरी नेपाल प्रहरी, नगर प्रहरी, स्काउट, रेडक्रस जस्ता निकायहरुलाई उक्त कार्यमा परिचालन गरिनेछ ।

ज. भूकम्पीय जोखिम न्यूनीकरणको लागि भूकम्प प्रतिरोधी घर, आवास, भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

झ. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

ञ. फोहोरमैला व्यवस्थापनका लागि जनचेतना अभिवृद्धि गरी घर घरमा फोहोरको वर्गीकरण गर्न लगाई फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ । फोहर मैलाको स्थायीरुपमा व्यवस्थापन गर्न उपर्युक्त विकल्पको खोजी गरिनेछ ।

ट. अतिथिको स्वागत र सम्मानमा प्रयोग गरिने प्लास्टिकका माला, खादाको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

## ठ. विपद व्यवस्थापन तथा जलबायु उत्थानशीलता

१. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विषयलाई विद्यालयको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ ।

२. जोखिमयुक्त वस्तीहरुलाई उपर्युक्त स्थानमा स्थानान्तरण गरी व्यवस्थापन गरिनेछ ।

३. खोला नालाबाट कटान भएको खेतीयोग्य जमिन संरक्षण गरिनेछ ।

४. वन क्षेत्रको उत्पादकत्व र वनपैदावारको उत्पादन वृद्धि गर्न वनस्रोतको दिगो व्यवस्थापन गरिनेछ ।

५. वन क्षेत्रको व्यवस्थित विकासमा जोड दिंदै जडिवुटी एवं गैरकाष्ठ वनपैदावारको संरक्षण एवं खेती प्रवर्द्धन गरी वनमा आधारित उद्यमशीलताको लागि प्रोत्साहन गरिनेछ ।

६. दुर्लभ तथा लोपोन्मुख वनस्पति र वन्यजन्तुको पहिचान गरी संरक्षण र संवर्द्धनको कार्ययोजना बनाई लागु गरिनेछ साथै वन्यजन्तु तथा जडिवुटीको चोरी निकासीमा नियन्त्रण गरिनेछ ।

७. जैविक विविधता र त्यससँग सम्बन्धित आदिवासी जनजाति तथा स्थानीय समुदायको परम्परागत ज्ञान,सिप,कला, अभ्यास र सामाजिक सांस्कृतिक जीवन पद्धति आदिको अभिलेखीकरण र संरक्षण गरिनेछ ।

८. विपदबाट हुने क्षेती न्यूनीकरणका लागि व्यवस्थित वस्ती विकास र पर्यावरणीय सन्तुलन नविग्रिने गरी सडक तथा भौतिक पूर्वाधार विकास निर्माणका कार्यहरु अघि वढाइनेछ ।

९. सडक दुर्घटनाका सम्भावित क्षेत्रहरुको पहिचान गरी जोखिम न्यूनीकरणका लागि सडक सुरक्षा कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१०. विपद जोखिम न्यूनीकरणका लागि सिंचाई, नदी नियन्त्रण, वन व्यवस्थापन, खानेपानी, सडक, सरसफाई, भवन निर्माण लगायतका विकास आयोजनाका योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापनमा स्थानीय उपभोक्ता, सामुदायिक संस्था, निजी क्षेत्र, जनसमुदायको सहभागितालाई सुनिश्चित गरिनेछ ।

११. जलवायु परिवर्तन अनुकुलनका लागि सचेतना कार्य सञ्चालन गरिनेछ ▯।

१२. जलवायु परिवर्तन अनुकुलनका लागि स्थानीय कार्ययोजनाको निर्माण गरिनेछ▯।

१३. एकीकृत तथा विपद वस्तीका नागरिकका आयआर्जनका लागि सिपमूलक तथा व्यावसायिक तालिम प्रदान गरी रोजगारी सृजना गरिनेछ ▯।

१४. मनसुनजन्य क्षतीबाट क्षति भएका घरहरुको पुननिर्माण गरिने छ ।

१५. दिर्घरोगीको सख्या, सवारी दूर्घटना, आत्महत्या, वातावरणीय सरसफाई, मनसुनजन्य विपदबाट क्षति कम गर्न पहल गर्ने वडालाई पुरस्कृत गरिनेछ ।

१६. प्राकृतिक एवम् मानवीय संकट र प्रकोपबाट पूर्व सुरक्षा, व्यवस्थापन र राहत कार्यलाई वैज्ञानिक बनाइनेछ।

१७. विपद् सम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१८. बाढी, हावाहुरी, चटयाङ्ग लगायत जल तथा मौसमजन्य विपद् व्यवस्थापनको लागि पूर्व सूचना प्रणालीलाई भरपर्दो बनाईनेछ ।

## ५) **संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह नीति**

### **क. <u>मानव संसाधन एवम् संस्थागत क्षमता विकास</u>**

१. कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन तथा योगदानमा आधारित प्रोत्साहन तथा पुरस्कार उपलब्ध गराइनेछ ।

२. गाउँपालिकाका सबै करारका कर्मचारीहरुको दुर्घटना विमा गर्न प्रयास गरिनेछ ।

३. गाउँपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यरत सबै कर्मचारीलाई खाजा सीमाभित्र रहेर उपलब्ध गराइनेछ ।

४. लामो समयदेखि सेवा गरेका कर्मचारीलाई दीर्घसेवा पुरस्कार प्रदान गरिनेछ।

५. गाउँपालिकाको गतिविधिलाई इन्टरनेट, वेबसाइट, एप्लिकेसन आदिको माध्यमले निरन्तर अद्यावधिक गरिनेछ।

६. गाउँपालिकास्तरीय, वडास्तरीय र शाखास्तरीय आयोजनाहरुको कार्यान्वयन पूर्व वार्षिक कार्यान्वयन कार्ययोजना बनाइनेछ ।

७. सबै गाउँसभाका सदस्यहरुको उपस्थितिमा अर्धवार्षिक समीक्षा बैठकको आयोजना गरिनेछ।

८. संस्थागत क्षमता विकास, समन्वय, राजस्व परिचालन, आयोजनाको सम्पन्न समय आदि मापदण्ड बमोजिम यस आ.ब.देखि उत्कृष्ट वडा घोषणा कार्यक्रम सुरु गरी उक्त वडालाई अर्को आ.ब.मा थप रकम अनुदान दिने व्यवस्था गरिनेछ।

९. महिला युवा विद्यार्थी हरेक समूहमा रहेका नागरिकहरुलाई समूह गठन गरी गाउँपालिका मार्फत निरन्तर स्वास्थ्य, शिक्षा, कृषि, पशुपालनमा जनचेतना बढाईनेछ ।

१०. उत्कृष्ट काम गर्ने उपभोक्ता समितिलाई पुरस्कार र खराब काम गर्नेलाई दण्डको व्यवस्था गरिनेछ ।

ख. <u>सेवा प्रवाह एवम् सुशासन</u>

१) सेवा प्रवाहलाई सबै वडामा सूचना तथा प्रविधिमा आवद्ध गरी छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गरिनेछ।

२) आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम फछ्यौट गर्ने कार्य अगाडि बढाईनेछ।

३) जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सिप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, प्रशिक्षण, गोष्ठी तथा अध्ययन अवलोकन कार्यक्रमलाई परिणाममुखी बनाईनेछ।

४) आधारभूत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमितरुपमा बजार अनुगमन गरिनेछ ।

५) गाउँपालिकाभित्र कार्यरत कर्मचारीहरुलाई उत्कृष्ट कार्य गरेवापत प्रोत्साहन तथा पुरस्कारको व्यवस्था निरन्तरता दिईनेछ।

६) संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्यको नीति अनुसार कार्य अगाडि बढाईनेछ ।

७) गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ।

८) गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

९) पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणालीमा आवद्ध गरिनेछ।

१०) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत, अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भष्ट्राचारमुक्त र जनउत्तरदायी बनाइनेछ ।

११) दिगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रवर्द्धन सम्भव नभएकाले राजस्वका क्षेत्र पहिचान गरी दायरा विस्तार गरिनेछ ।

१२) गाउँपालिका भरिका प्रत्येक घरको तथ्याङ्क संकलन गरी घर नम्बर उपलब्ध गराइनेछ।

१३) आत्मनिर्भर गाउँपालिकाको सोच अनुरुप वढीभन्दा वढी आन्तरिक राजस्व परिचालन गर्न नागरिक स्वयंलाई कर दायित्वको जिम्मेवारी वोध गराउन जोड दिईनेछ ।

१४) सार्वजनिक सुनुवाई कार्यक्रम चौमासिकरुपमा गरिनेछ।

१५) सत्यवतीलाई हिंसामुक्त गाउँपालिकाको रुपमा विकास गरी प्रत्येक टोलमा हिंसा विरुद्ध प्रतिरक्षा समूह गठन गरी परिचालन गरिनेछ।

१६)न्यायिक समितिले गर्ने कार्य सम्पादनलाई अझ छिटो-छरितो र प्रभावकारी बनाइनेछ।

१७)स्थानीय तहको अधिकारक्षेत्रभित्रका विषयमा कानुनहरुको निर्माणको कार्यलाई थप अगाडि बढाइनेछ।

१८)कानुन विज्ञबाट न्यायिक समिति, जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गरिनेछ ।

१९)मादक पदार्थ सेवन गरी हो-हल्ला गरी हिँड्ने, घरेलु हिंसामा संलग्न, गाउँपालिकाद्वारा सञ्चालित अभियानमा संलग्न नहुने, कर शुल्क नतिर्ने, जग्गा बाँझो राख्ने व्यक्तिको सूची बनाएर गाउँपालिकाबाट प्रदान हुने अनुदान कार्यक्रममा निरुत्साहित गरिनेछ ।

२०)आफूले तिर्नु वा बुझाउनु पर्ने कर र शुल्क बुझाएपछि मात्र वडा कार्यालय र गाउँपालिकाबाट सेवा प्रदान गरिने नीतिलाई प्राथमिकता दिइनेछ।

२१)व्यक्तिगत उद्यममा लागेका, समयमा कर तिर्ने, विकास निर्माण एवम् अभियानहरुमा सरिक हुने व्यक्तिहरुलाई अनुदान एवम् सेवा प्रवाहमा प्राथमिकता दिइनेछ।

२२)गरिवीको रेखामुनि रहेका नागरिकहरुको परिचयपत्र बनाउने कामलाई सुरु गरिनेछ ।

२३) गाउँपालिकाको वार्षिक खर्चको समीक्षा गरी मितव्ययिता अपनाउन विभिन्न विधि प्रयोग गरिनेछ 

२४) भ्रष्टाचार प्रति शून्य सहनशीलताको नीतिलाई निरन्तरता दिँदै शासकीय प्रणालीमा आर्थिक अनुशासन, भ्रष्टाचार नियन्त्रण र सुशासन एवं सदाचार संस्कृतिको प्रवर्द्धनमा विशेष जोड दिइनेछ ।

**ग. राजस्व परिचालन**

१) सम्पति कर तथा भूमि कर लागु गरी कर सङ्कलन कार्यलाई प्रभावकारी बनाइनेछ ।

२) आर्थिक लेखा नियन्त्रण प्रणाली तथा आन्तरिक लेखापरीक्षणलाई व्यवस्थित गरी बेरुजु फछ्र्यौट गर्ने कार्यलाई तिब्ररुपमा कार्य अगाडि बढाईनेछ ।

३) कर संकलनलाई अभियानको रुपमा सञ्चालन गरी करको दायरामा नआएका एवम् करछलीमा संलग्न व्यक्तिलाई कारवाहीको दायरामा ल्याइनेछ ।

४) आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँट, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र संघीय सरकारका निकाय तथा गैसस र विकास साझेदारसँग परामर्श, समन्वय र साझेदारी गरिनेछ।

५) सत्यवती गाउँपालिकाको विकासका लागि संघ, प्रदेश र स्थानीय तह बिचको सहकार्य र समन्वयलाई उच्च प्राथमिकता दिइनेछ । संघ, प्रदेश र स्थानीय तह बिच हुने समपुरक अनुदान, विशेष अनुदान र साझेदारी कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

६) करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति अवलम्वन गरिने छ। प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ।

७) कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

८) करदाता शिक्षा सञ्चालन गरिनेछ ।

९) करका दर र दायरा वैज्ञानिक आधारमा विश्लेषण गरी विस्तार गरिनेछ ।

१०) राजश्व प्रशासन सूचना प्रविधिमा आधारित बनाई सुदृढीकरण गरिनेछ ।

११) राजश्व सुधार कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईनेछ ।

१२) सबै प्रकारका व्यवसायलाई करको दायरामा ल्याईनेछ ।

१३) प्राकृतिक तथा नदीजन्य श्रोतको उपयोगलाई करको दायराभित्र ल्याई व्यवस्थित गरिनेछ।

१४) अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई समयाबद्ध तथा वैज्ञानिक बनाईनेछ।

घ. **<u>उपभोक्ता हित संरक्षणः</u>**

१) उपभोक्ता हित संरक्षण गर्न नियमित बजार अनुगमन गरी कालोबजारी गर्ने र गुणस्तरहिन मालसामान बेच्ने मानिसलाई दण्डित गर्नुका साथै गुणस्तर सम्बन्धी मापदण्ड बनाई कडाइकासाथ लागु गरिने छ ।

२) टोलसुधार समितिहरुको गठन, नियमन र प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

३) नागरिकहरु विभिन्न वित्तीय संस्थाहरुबाट चर्को ब्याजमा परेको अवस्थालाई मध्यनजर गर्दा सहज कृषिकर्जाको लागि विभिन्न संस्थाहरुसंग समन्वय तथा सहकार्यमार्फत सहजीकरण गरिनेछ।

**यस गरिमामय सभाका सदस्यहरु,**

**अन्त्यमा,**

**"आत्मनिर्भर सर्वाङ्गगीण उन्नति सुखी र समृद्ध सत्यवती"**

सत्यवती गाउँपालीकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम तयारी गर्नको लागि आफ्नो आफ्नो क्षेत्र तथा तहवाट प्रत्यक्ष वा परोक्षरुपमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरु, राजनैतिक दलहरु, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक व्यापारी, बुद्धिजिवी, पत्रकार, सुरक्षाकर्मी, नगर प्रहरी, समाजसेवी, युवा क्लव, वित्तीय सँस्थाहरु, आमा समूह, कृषकहरु, उद्यमी व्यक्तिहरु, विभिन्न समूह, संघ-संस्था सबै सत्यवतीलाई माया गर्नेहरु, नैतिक, भौतिक, समाजिक सेवा भाव निरन्तर राख्नुहुने सहयोगी व्यक्तिहरु, सत्यवतीलाई भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य खानेपानी सिँचाई हरेक विद्यामा सहयोग पुऱ्याई समृद्ध बनाउन तिव्र इच्छाशक्ति राख्ने स्थायी घरसत्यवती भई कर्मथलो सत्यवती भन्दा वाहिर भएर पनि जनप्रतिनिधिलाई निरन्तर रचनात्मक सुझाव सल्लाह तथा आर्थिक सहयोग गर्नु हुने सम्पुर्ण शुभेच्छुक, शुभचिन्तक, सत्यवतीवासी महानुभावप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । नीति तथा कार्यक्रम बनाउन सबै क्षेत्रबाट सहयोग पुऱ्याउन सृजनात्मक र विकल्प सहितको सुझाव दिनु हुने र समृद्ध सत्यवतीको सपना देख्ने तपाई सबैको निरन्तर सहयोग सद्भाव रहनेछ । प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनले समाज रुपान्तरमा महत्वपूर्ण परिवर्तनको साथै दिगो विकासको लक्ष्यमा पुग्न सकिनेछ । यस गाउँपालीकालाई उत्कृष्ट, सभ्य सुन्दर र हामीले कल्पना गरेको समृद्ध सत्यवती बनाउनको लागि हामी सबै पक्ष जिम्मेवार रहेको र तपाई हाम्रो सपना सफल पार्नको लागि तपाईहरुको अटुट सहयोग सुझावले हामी सबै एक भई अगाडि वढ्ने दृढ विश्वास व्यक्त गर्दछु। हाम्रा आगाडिका चुनौती, समस्याहरू साझा हुन। साझा समस्या हल गर्न पनि एकता अपरिहार्य छ।सत्यवतीबासी सबै पक्ष एकजुट छौ। आगामी दिनमा अझै बलियो एकतामा बाँधिने छौ भन्ने अपेक्षा प्रकट गर्दै सबै महानुभावहरुलाई हार्दिक धन्यवाद सहित आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम अन्त्य गर्ने अनुमति माग्दछु । जय सत्यवती ।

धन्यवाद ।

**टिकाराम पाण्डे**

**अध्यक्ष**

**सत्यवती गाउँपालिका**

२०८१/०३/१०